म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११७ शनिबार, २७ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 13 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बंगुरपालक कृषक र पशुसेवा कार्यालय प्रमुखबीच अन्तरक्रिया

हेटौंडा, २६ मंसिर/हेटौंडा उपमहानगरपालिका-११ स्थित सिमलटारका बंगुरपालक कृषक र पशुसेवा कार्यालय हेटौंडाका प्रमुख पशुबिशेषज्ञ डाक्टर रामप्रकाश प्रधानबीच अन्तरक्रिया भएको छ ।

अन्तरक्रियामा डा. प्रधानले कृषकको समस्यामा आफू साथ रहेको बताए । सिमलटारलाइ बंगुर पकेटक्षेत्रको रुपमा विकास गर्ने र मानवबस्तीबीच रहेको बंगुरका खोर स्थानान्तरण गरी एकीकृतरुपमा खोर निर्माण गरी एउटा उचित ठाउँमा ब्यवस्थापन गर्नुपर्ने बताए । प्रधानले बंगुरपालनले किसानको जीवनयापन सहज हुने भन्दै ब्यवस्थितरुपमा बंगुपालनमा लाग्न किसानलाई सुझाए । हातेमालो बंगुरपालक कृषक समूहको आयोजनामा गरिएको कार्यक्रममा डाक्टर प्रधानले किसानको खोरनिरीक्षण गरेका थिए । कार्यक्रम हातेमालो बंगुरपालक कृषक समूहका अध्यक्ष सुन्दरलाल श्रेष्ठको सभाध्यक्षतामा भएको हो ।

### बागमती विश्वविद्यालय र पाँच आंगिक क्याम्पसबीच सम्झौता

# प्रदेश सरकारको उद्देश्यअनुरुप विश्वविद्यालय चल्नुपर्छः मुख्यमन्त्री बानियाँ

मनिल महतो

हेटौंडा, २६ मंसिर/ प्रदेश गौरव आयोजनाकारुपमा रहेको बागमती प्रदेश विश्वविद्यालयले आफ्ना शैक्षिक गतिविधि सञ्चालनका लागि ५ वटा आंगिक क्याम्पससँग सम्झौता गरेको छ ।

शुक्रबार हेटौंडामा आयोजित एक कार्यक्रमकाबीच ५ वटा आंगिक क्याम्पससँग सम्झौता गरिएको हो । चितवनको भुवानीशंकर बहुमुखी क्याम्पस र माडी क्याम्पस, काठमाडौंको जनमैत्री बहुमुखी कलेज र कपन बहुमुखी क्याम्पस, बनेपाको चैतन्य बहुमुखी क्याम्पससँग सम्झौता गरिएको हो । सम्झौतापत्रमा विश्वविद्यालयका उपाध्यक्ष डा.कुसुमराज सुवेदी र सम्बन्धित क्याम्पसका प्रमुखहरुले हस्ताक्षर गरेका छन् । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, सामाजिक विकास मन्त्री कञ्चनचन्द्र बादे, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री विन्दु श्रेष्ठ, विश्वविद्यालय संरक्षण समितिका अध्यक्ष प्राडा चन्द्रमणि पौडेललगायतको उपस्थितिमा सम्झौता भएको हो ।



सम्झौता सम्पन्नसँगै क्याम्पसहरु विश्वविद्यालयको प्रत्यक्ष प्रशासनिक तथा शैक्षिक संरचना अन्तर्गत संचालन हुनेछ । सम्झौता कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको लक्ष्य र उद्देश्यअनुरुप विश्वविद्यालय चल्नुपर्ने बताए । विश्वविद्यालयले एउटा स्वरुप लिइसकेको बताउँदै उनले अब यसलाई गतिशील ढंगले सञ्चालन गर्नुपर्ने उल्लेख गरे । मुख्यमन्त्री बानियाँले बेरोजगार जनशक्ति उत्पादन गर्ने शिक्षाप्रणालीलाई हटाउनुपर्ने बताए । उत्पादन र प्रविधिसँग जोडेर गरिखाने शिक्षाप्रणाली लागू गर्न उनले विश्वविद्यालयलाई निर्देशन दिए । जीवनयापनमा समेत परिवर्तन ल्याउने पाठ्यक्रम निर्धारण गर्नुपर्नेमा उनको जोड थियो ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका क्याम्पसहरु बागमती विश्वविद्यालयमा समायोजन हुँदा कतिपयमा संशय देखिएको भन्दै उनले आत्मीयता बढाउन आग्रह गरे । मुख्यमन्त्री बानियाँले विगतमा अभिभावकविहीन बच्चा जस्तो अवस्थामा रहेका शैक्षिक संस्थालाई अब प्रदेश सरकारले अभिभावकत्व प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । 'बेरोजगार उत्पादन गर्ने शिक्षाको अब काम छैन । २१ औं शताब्दी र एआईको जमानामा शिक्षालाई प्रविधि, सीप र तालिमसँग जोडेर जीवनयापन गर्न सकिने बनाउनुपर्छ' उनले भने, 'मुटुमाथि ढुंगा राख्नुपर्‍या छ भने जस्तो होइन, हृदयभित्र मुटु राखेर काम गरौं । तपाईंहरु (आंगिक कलेज) अब बागमती प्रदेश विश्वविद्यालयको अंग हुनुभएको छ । हामी अभिभावकको भूमिकामा छौं । जसरी बुवाआमाले छोराछोरी बिग्रिन नदिन प्रत्यक्ष रेखदेख गर्छन् । त्यसरी नै प्रदेश सरकारले विश्वविद्यालय र यसका आंगिक कलेजहरुलाई सबल र सक्षम बनाउन निगरानी र सहयोग गर्नेछ ।'

मुख्यमन्त्री बानियाँले विद्यार्थीले पढ्दै, सिक्दै र कमाउँदै गर्ने वातावरण सिर्जना गर्न पाठ्यक्रममै परिवर्तन आवश्यक रहेको औंल्याए । बागमती प्रदेशले शिक्षा नीतिमा रोजगार सिर्जना गर्ने र डिजिटलाईज्ड प्रणालीलाई प्राथमिकता दिने उनले बताए । संघीय सरकारले नीति, प्रदेशले विकास र स्थानीय तहले सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने उनको भनाई छ । उनले बागमती सरकार स्वास्थ्य, शिक्षा र कृषिलाई प्रविधिसँग जोडेर समग्र विकासको गतिमा अघि बढ्न चाहेको बताए । मुख्यमन्त्री बानियाँले विश्वविद्यालय नेतृत्वलाई अनुभवी र प्राविधिक पक्षलाई समेटेर अघि बढ्न निर्देशन दिए ।

त्यसैगरी सामाजिक विकास मन्त्री बादेले प्रदेशको शिक्षामा नमुनायोग्य काम भएको बताए प्रदेशको एकल अधिकारको प्रयोग गर्ने सन्दर्भमा आंगिक क्याम्पसकसँग सम्झौता भएको उनको भनाई छ । मन्त्री बादेले सम्झौता भएका क्याम्पसहरुले गरीखाने शिक्षा नीति अवलम्बन गर्नुपर्नेमा जोड दिए । विश्वविद्यालयका संरक्षक समितिको मार्गनिर्देशन अनुसार समाजका अन्य विश्वविद्यालय भन्दा फरक ढंगले सञ्चालन गर्न उनले आग्रह गरे । मन्त्री बादेले सक्षम जनशक्ति उत्पादन हुनेगरी शैक्षिक कार्यक्रम विश्वविद्यालयले तय गर्नुपर्ने बताए । यसअघि बागमती प्रदेशभित्र सञ्चालनमा रहेका यी क्याम्पसले बागमती प्रदेश उच्चशिक्षा ऐन २०७८ को दफा ९ (३ ) र (४) प्रदेश उच्चशिक्षा नियमावली २०७९ को नियम १७ तथा बागमती प्रदेश विश्वविद्यालयको विधान २०८१ को दफा ३६ बमोजिम बागमती प्रदेश विश्वविद्यालयको रुपमा सञ्चालित हुनका लागि निवेदन दर्ता गराएका थिए ।

बागमती प्रदेश विश्व विद्यालय संरक्षक समितिको सचिवालय हेटौंडाले प्रथमपटक मिति २०८१/११/२८ गते सूचना प्रकाशित गरेको थियो । एक महिनाको समय दिएर निकालिएको सूचनामा प्रदेश भित्रका ४० भन्दा बढी क्याम्पसले आवेदन दिएका थिए । मंसिर ९ गतेको मन्त्रीपरिषद् बैठकले विश्वविद्यालयको शैक्षिक कार्यक्रम तत्काल सञ्चालनका लागि प्रदेशका ६ वटा क्याम्पससँग सम्झौता गर्ने निर्णय गरेपनि शुक्रबार ५ वटा क्याम्पससँग मात्र सम्झौता गरिएको हो । हेटौंडा क्याम्पससँग पनि चाँडै सम्झौता हुने तयारी भइरहेको जनाइएको छ । प्रदेश उच्चशिक्षा परिषद्को सिफारिसअनुसार २०८१ सालमा बागमती प्रदेश विश्वविद्यालय स्थापना भएको थियो ।

# हेटौंडा सडक विस्तारः सर्वोच्चद्वारा मिसिल झिकाउने आदेश



साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ हेटौंडा बजारक्षेत्रको सडक विस्तार विरुद्ध सर्वोच्च अदालतमा दायर भएको मुद्दामा मिसिल झिकाउने आदेश भएको छ । सर्वोच्च अदालतको इजलास नम्बर २ मा शुक्रबार भएको बहस तथा छलफलमा सडक विस्तारसम्बन्धी मुद्दाका मिसिल झिकाउने आदेश भएको हो ।

डिभिजन सडक कार्यालय हेटौंडाको निर्णयविरुद्ध विन्दवासिनी कंसाकार समेतले १६ मङ्सिरमा दायर गरेको रिट निवेदनमाथि सर्वोच्चले सुनुवाइ गर्दै मुद्दासम्बन्धी विगतमा भएका अदालतको निर्णय र विचाराधीन मुद्दाको मिसिल झिकाउने आदेश भएको हो । सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र न्यायाधीश महेश शर्मा पौडेलको संयुक्त इजलासमा आगामी पुस २ गते पेसी तोक्दै अन्य आदेश गरेका हुन् । यो आदेशअनुसार आगामी पेसीमा मुद्दाका विगतका निर्णयहरु हेरेर छलफल हुनेछ । रास्वपा नेतृ एवम् पूर्वसांसद कंसाकार समेत ६ जनाले डिभिजन सडक कार्यालय हेटौंडासहितका निकायलाई विपक्षी बनाएर दायर गरेको मुद्दामा मङ्सिर १९ मा उत्प्रेषण आदेश गरेको थियो ।

### पीडितले मागे जिम्मेवार पदाधिकारीको राजीनामा

सर्वोच्च अदालतको अन्तरिम आदेशको अवज्ञा गर्दै हेटौंडा उपमहानगरमा मङ्सिर २० गते ५ सय भन्दा बढी घर भत्काइएको घटनालाई लिएर पीडितपक्षले जिम्मेवार पदाधिकारीको राजीनामा सहित ६ बुँदे माग राखेका छन् । हेटौंडा बसोबास संरक्षण समिति, समान नेपाल, योङ इन्डिजिनिष्ट लिग र मानवअधिकार सचेतना केन्द्रले घर भत्काउने कार्यले तीनजनाको ज्यान लिएको दाबी गर्दै त्यसको जिम्मा सरकारले लिनुपर्ने माग गरेका हुन् ।

योङ इन्डिजिनिष्ट लिगका चिफ कमान्डर सनम लिम्बुले घर भत्काइएपछि गुणबहादुर जोशीले झुन्डिएर, साजन महर्जनले विष पिएर आत्महत्या गरेको र सोही दिन रामलाल रास्थालाको हृदयाघातका कारण मृत्यु भएको बताएका छन् । उनले यो आत्महत्या नभई हत्या भएको र त्यसको जिम्मा सरकारले लिनुपर्ने माग गरे । माग पूरा नभए शान्तिपूर्ण तर, सशक्त आन्दोलन गर्ने चेतावनी दिइएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद कंसाकारले मङ्सिर १९ गते शुक्रबार २ बजे अन्तरिम आदेश लिएर प्रशासन कार्यालय जाँदा पत्र दर्ता गर्न नमानेको तर, भोलिपल्ट बिहान ४ बजे नै कुनै सूचना नदिई डोजर ल्याएर घर भत्काउन थालेको बताइन् ।

समान नेपालका प्रवक्ता आरके तामाङले घर भनेको सपना, स्मृति र सुरक्षा भएको तर, सरकारले शक्तिको दुरुपयोग गरेर पीडितलाई विस्थापन र सुकुम्बासीकरण गरेको आरोप लगाए । उनले सडक विस्तार गर्नुअघि विकासबारेको चिन्तन विस्तार गर्न आग्रह गरे । नेवा अभियन्ता विद्या श्रेष्ठ महर्जनले हेटौंडा नेपालको 'गाजा सहर' भएको बताएकी छन् ।

**पीडित पक्षका ६ बुँदे मागः**

१. गिरफ्तार पीडितको तत्काल रिहाइः न्याय माग्दा गिरफ्तार गरिएका सम्पूर्ण पीडित र आन्दोलनकारीलाई तत्काल र बिनासर्त रिहा गर्नुपर्ने ।

२. दोषी पदाधिकारीको राजीनामाः अदालतको आदेश लत्याउने, जनतालाई घरबारविहीन बनाउने कार्यमा संलग्न प्रमुख जिल्ला अधिकारी, सडक विभागका अधिकारी, भौतिक पूर्वाधार तथा यातायात मन्त्री, गृहमन्त्री र प्रधानमन्त्रीले नैतिक जिम्मेवारी लिँदै तत्काल राजीनामा दिनुपर्ने ।

३.सार्वजनिक माफीः राज्यसंयन्त्र प्रयोग गरी गरिएको यो अमानवीय अपराधप्रति सरकारले पीडित समुदायसँग सार्वजनिक माफी माग्नुपर्ने ।

४. आदिवासी अधिकारको पालनाः अबउप्रान्त सडक विस्तार वा कुनै पनि आयोजना अघि बढाउनुपूर्व अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वतन्त्र, पूर्वजानकारी सहितको मन्जुरी अनिवार्य लागू गर्नुपर्ने ।

५.पूर्ण क्षतिपूर्ति र पुनर्निर्माणः भत्काइएको क्षेत्रसहित समग्र हेटौंडा नगरलाई ऐतिहासिक, सांस्कृतिक नगरकारुपमा विकास गर्ने गुरुयोजना तत्काल कार्यान्वयन गरी, भत्काएका संरचनाको पुनर्निर्माण ऐतिहासिक मूल्यअनुसार गरिने व्यवस्था सुनिश्चित गर्दै सबै प्रभावित घर धनीलाई न्यायोचित क्षतिपूर्ति तुरुन्त उपलब्ध गराउनुपर्ने ।

६.न्यायिक छानबीनः शक्तिको दुरुपयोग गरी अदालतको आदेश समेत नमान्ने पदाधिकारीमाथि छानबीन गर्न र घटनाको सत्यतथ्य पत्ता लगाउन एक उच्चस्तरीय न्यायिक आयोग गठन गरियोस् ।

पीडित समूहले सर्वोच्च अदालतको आदेशको अवज्ञा र आदिवासी अधिकारमाथिको दमन भएको भन्दै आफ्नो माग बेवास्ता गरिए शान्तिपूर्ण तर, सशक्त सडक संघर्षमा उत्रने चेतावनी दिएका छन् ।


# सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


# हेटौंडामा गर्ने भनिएको प्रदेशस्तरीय सभा काठमाडौंमा हुने




साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को हेटौंडामा आयोजना गर्ने भनिएको प्रदेशस्तरीय सभा काठमाडौंमा हुने भएको छ ।

नेकपाले गत मंसिर २३ गते हेटौंडा-४ स्थित हुप्रचौरमा प्रादेशिकसभा गर्ने योजना बनाएको थियो । हेटौंडा बजारक्षेत्रको सडक विस्तारको कार्य भइरहेकाले पार्टीले प्रदेशको राजधानी बाहिर सभा गर्ने निर्णय गरेको साविक नेकपा माओवादी केन्द्रका मकवानपुर इन्चार्ज विजय गौतमले जानकारी दिए । प्रदेशस्तरीय सभा अगामी पुस ५ गते हुनेछ ।

यसैबीच, बिहीबार नेकपाको मकवानपुर जिल्ला समितिको विस्तारित एकता बैठक सम्पन्न भएको छ । हेटौंडा-४ स्थित जिल्ला पार्टी कार्यालयमा एकीकृत भएका दलका नेता, कार्यकर्ताको उपस्थितिमा बैठक बसेको थियो ।

नेता गौतमका अनुसार बैठकले जिल्ला एकता घोषणा गर्नुका साथै मंसिर २९ गते १० वटै पालिकामा स्थानीय तहस्तरीय एकता बैठक गर्ने निर्णय गरेको छ । त्यसपछि सबै स्थानीय तहले वडास्तरीय एकता बैठक गर्नेछन् । बैठकले पुस मसान्तसम्ममा 'जबस मोर्चा' जिल्ला एकता प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

बैठकमा पार्टीका केन्द्रीय नेता गंगालाल तुलाधारको प्रमुख आतिथ्य र सूर्य सुवेदी पथिकको विशेष आतिथ्य रहेको थियो । बिहीबार बकैया-४ निवासी गोपाल भट्टराईले नेकपा एमाले परित्याग गरी नेपाली कम्युनिष्ट पार्टीमा प्रवेश गरेका थिए ।

# आसन्न निर्वाचनमा सशस्त्र प्रहरी दोस्रो घेरामा परिचालित हुने

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ सशस्त्र प्रहरी बल नेपालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई पारदर्शी, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन अन्य सुरक्षा निकायसँग समन्वयात्मकरुपमा परिचालित हुने तयारी गरेको छ ।



आगामी फागुन २१ गते हुने आमनिर्वाचनलाई सफल बनाउन भरपर्दो सुरक्षा व्यवस्था प्रदान गर्ने नीतिअनुरुप 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार परिचालित हुने तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ । त्यसका लागि सशस्त्र प्रहरीले 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सुरक्षाकार्यमा सशस्त्र प्रहरी बल नेपालको परिचालन नीति' तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ । सुरक्षा योजनाअनुसार सरकार बाट तोकिएको जिम्मेवारी त्रुटिरहित ढंगबाट सम्पन्न गराउन उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्नेगरी तयारी गरिएको सशस्त्र प्रहरी प्रवक्ता एवं सशस्त्र प्रहरी नायव महानिरीक्षक मनीष थापाले जानकारी दिए ।

प्रधान कार्यालय हल्चोकमा आयोजित पत्रकार सम्मेलनमा उनले सुरक्षा चुनौतीका आधारमा निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी तोकिएको जिम्मेवारीमा परिचालन गरिने बताए । सशस्त्र प्रहरी निर्वाचन सुरक्षार्थ सुरक्षाको दोस्रो घेरामा रही अन्य सुरक्षा निकायसँग समन्वयात्मक रुपमा परिचालित हुनेछ । निर्वाचन सुरक्षासँग सम्बन्धित विषयवस्तुमा सुपरीवेक्षण, समन्वय एवं सहजीकरणका लागि सशस्त्र प्रहरी मुख्यालयमा केन्द्रीय निर्वाचन सेल, प्रत्येक बाहिनी मुख्यालयमा बाहिनी निर्वाचन सेल र जिल्लामा अप्रेशनल जिम्मेवारीमा रहेका प्रत्येक गण/गुल्ममा निर्वाचन सेल गठन गरिनेछ ।

निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी कर्मचारीलाई मोवाइल, स्ट्राइकिङ, क्युआरटी रिजर्भ, निर्वाचन क्षेत्र सुरक्षा, सुरक्षा बेस, कमाण्ड पोष्ट, संयुक्त निर्वाचन परिचालन केन्द्र, जिल्ला निर्वाचन, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत क्षेत्रमा आवश्यक बन्दोबस्तीसहित परिचालन गर्ने नीतिमा उल्लेख छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# आइफोनमा किन बल्छ हरियो र सुन्तला रङ्को बत्ती ?



यदि तपाईं पछिल्ला मोडेलका आइफोनको प्रयोग गर्नुहुन्छ भने निश्चय पनि कसैसँग फोनमा कुरा गरिरहेको बेला वा कुनै एप प्रयोग गरिरहेको बेला स्क्रिनको माथि रहेको डाइनामिक आइल्यान्ड नजिकै कहिले हरियो त कहिले सुन्तला रङको बत्ती बलेको देख्नु नै भएको छ होला ।

कतिपय आइफोन प्रयोगकर्ता त्यस्तो बत्ती बल्दा द्विविधामा पर्न सक्नुहुन्छ र त्यो बत्ती किन बलेको होला भनेर जिज्ञासा पनि उठ्नसक्छ । आइफोनमा बल्ने त्यो हरियो तथा सुन्तला बत्तीको आफ्नै अर्थ छ ।

वास्तवमा ती दुई रङका बत्तीहरू आइफोन प्रयोगकर्ताकै सुरक्षा र गोपनियताका लागि राखिएका विशेष फिचर हुन् । जब हरियो थोप्ला बल्दछ तब आइफोनमा क्यामेराको प्रयोग भइरहेको हुन्छ । चाहे त्यो भिडियो कल होस् क्यामेरा एप होस् वा कुनै पनि अन्य एप जसले क्यामेरामा पहुँच राख्दछ ।

त्यसैगरी सुन्तला रङको थोप्ले बत्तीले चाहिँ आइफोनमा माइक्रोफोन सक्रिय छ वा कुनै एपले तपाईंको आवाज रेकर्ड गरि रहेको छ भन्ने संकेत गर्दछ ।

आइफोनमा ती लाइटका थोप्लाहरू प्रयोगकर्ताको सुरक्षाकै लागि राखिएको हो ताकि प्रयोगकर्ताले आफ्नो फोनको क्यामेरा तथा माइक्रोफोनमा कुनै एपले लुकिछिपी पहुँच त पुऱ्याएको छैन भन्ने पत्ता लगाउन सकोस् । यसले आइफोनमा इन्स्टल भएका संदिग्ध एपलाई पक्रिन सजिलो हुन्छ ।

कुन एपले माइक तथा क्यामेरामा पहुँच राख्दछ ?

यदि तपाईंले आइफोनमा क्यामेरा वा माइक्रोफोनको प्रयोग गर्नुभएको छैन र पनि फोनको हरियो वा सुन्तला रङको बत्ती बलिरहेको छ भने त्यसबेला तपाईंको फोनको कुनै एपले क्यामेरा तथा माइकमा पहुँच पाइरहेको प्रमाणित हुन्छ । त्यो थाहा पाउनका लागि फोनको कन्ट्रोल सेन्टरमा जानुहोस् । त्यहाँ कुन-कुन एपले फोनमा क्यामेरा तथा माइकमा पहुँच प्राप्त गरेका छन् भन्ने प्रष्ट देखिन्छ । यदि तपाईंलाई ती कुनै एपका बारेमा कुनै शंका लागेमा त्यसलाई तुरुन्तै बन्द गर्न वा क्यामेरा/माइकको पहुँचको अनुमति बन्द गरिदिन सक्नुहुन्छ ।

वास्तवमा आइफोनमा रहेका ती स-साना हरियो तथा सुन्तला रङको थोप्ले बत्ती प्रयोगकर्ताको सुरक्षा र गोपनियतालाई ससक्त बनाउने र कुनै शंकास्पद तथा अनिच्छित क्रियाकलाप पत्ता लगाउने सूचकहरू हुन् ।

**यौन स्वास्थ्य**

# असुरक्षित यौनसम्पर्क पछि गर्भावस्थाको बारेमा चिन्तित हुनुहुन्छ ?



असुरक्षित यौन सम्पर्कपछि तपाईंलाई डर लागिरहेको छ ? के तपाईं मनमनै 'गर्भावस्था' को डरले चिन्तित हुनुहुन्छ र अब के गर्ने भनेर बुझ्न सकिरहनुभएको छैन? यदि हो भने, यो जानकारी तपाईंको लागि उपयोगी हुनेछ । डाक्टरहरू यस्तो अवस्थामा लज्जित हुनुपर्ने कुनै कारण नभएको बताउँछन् । महत्त्वपूर्ण कुरा त के हो भने, तपाईं यो अवस्थालाई कति समझदारीपूर्वक सम्हाल्नुहुन्छ । सही जानकारी नै यस समयमा तपाईंको सबैभन्दा ठुलो शक्ति हो । असुरक्षित यौन सम्पर्कपछि डरबाट बाहिर निस्कन मद्दत गर्ने ६ महत्त्वपूर्ण कदमहरू यहाँ दिइएका छन्:

**१. समयको तालमेल सबैभन्दा महत्त्वपूर्ण**

आत्तिनुअघि, यो घटना तपाईंको महिनावारी चक्र को कुन समयमा भएको हो भनेर बुझ्नुहोस्, किनभने जोखिम यसैमा निर्भर गर्दछ:

**कम जोखिम:** यदि यो महिनावारी हुनु ठिक अघि वा महिनावारीको समयमा भएको हो भने, गर्भावस्थाको सम्भावना कम हुन्छ ।

**सबैभन्दा बढी जोखिम:** यदि यो तपाईंको चक्रको ११औं दिनदेखि १६औं दिनको बिचमा भएको छ भने, यो 'ओभुलेशन विन्डो' हो र यसमा जोखिम सबैभन्दा बढी हुन्छ ।

**२. आकस्मिक गर्भनिरोधकको सही प्रयोग**

यदि तपाईंलाई जोखिम महसुस भइरहेको छ भने, तपाईं आकस्मिक चक्की लिन सक्नुहुन्छ । तर, यी चक्कीहरू ओभुलेशन हुनुअघि मात्रै काम गर्छन् भन्ने कुरा याद राख्नुहोस् ।

यो चक्की २४ घण्टाभित्र लिइएमा सबैभन्दा राम्रो असर गर्छ । यो ९५% सम्म प्रभावकारी हुन्छ । केही चक्कीहरू ५ दिनसम्म काम गर्न सक्छन् र तिनीहरूलाई अलि बढी प्रभावकारी मानिन्छ ।

**३. कपर आईयूडीको विकल्प**

धेरै कम मानिसहरूलाई थाहा छ कि कपर इन्ट्रायूटेरिन डिभाइस एक उत्कृष्ट आकस्मिक उपाय हो । यदि यसलाई असुरक्षित यौन सम्पर्कको ५ दिनभित्र राखियो भने, यो ९९% भन्दा बढी प्रभावकारी हुन्छ । यसका लागि तपाईंले तुरुन्तै स्त्रीरोग विशेषज्ञसँग सल्लाह लिनुपर्छ ।

**४. पर्खनुहोस् र परीक्षण गर्नुहोस्**

तुरुन्तै परीक्षण गर्दा सही नतिजा आउँदैन । त्यसैले, केही धैर्य गर्नुहोस् ।

यदि तपाईंको महिनावारी रोकियो भने, घरमै गर्भावस्था परीक्षण गर्नुहोस् । यदि तपाईंलाई छिटो र सही नतिजा चाहिएको छ भने, बेटा-एचसीजी ब्लड टेस्ट गराउन सक्नुहुन्छ । यदि तपाईं नतिजाबारे निश्चित हुनुहुन्न भने, परीक्षणलाई पुन: दोहोऱ्याउनुहोस् ।

**५. यदि परीक्षण पोजेटिभ आयो भने के गर्ने ?**

यदि रिपोर्ट पोजेटिभ आयो भने, सबैभन्दा महत्त्वपूर्ण कुरा हो, आत्तिनु हुँदैन । जतिसक्दो चाँडो स्त्रीरोग विशेषज्ञलाई भेट्नुहोस् ।

**६. भविष्यका लागि सिकाइ र सावधानी**

भविष्यमा यस्तो चिन्ताबाट बच्न निम्न कुराहरूमा ध्यान दिनुहोस्:

नचाहेको गर्भावस्था र यौन सञ्चारित सङ्क्रमणहरूबाट बच्न कन्डमको प्रयोग अवश्य गर्नुहोस् । आफ्नो पार्टनरसँग यस विषयमा खुलेर कुरा गर्नुहोस् ।

# कस्तो अवस्थामा पीडादायी हुन्छ यौन सम्बन्ध ?

दाम्पत्य सुखसँग जोडिएको हुन्छ, यौन पनि । भनिन्छ, सक्रिय यौन जीवनले दम्पतीबीचको सम्बन्ध थप प्रगाढ बनाउन मद्दत गर्छ । यद्यपि सबैको हकमा यस्तो हुँदैन ।

कतिपय दम्पतीले भरपुर यौन सुख प्राप्त गर्न सक्दैनन् । यस्तो स्थितिमा दम्पतीबीच आशंका, वैमनश्यता बढ्न सक्छ । अन्तत: यसै कारण उनीहरुमा कलह निम्तिन सक्छ । जबकि कतिपय महिलालाई यौन सम्बन्ध निकै पीडादायी हुने गर्छ । खासगरी प्रजनन् स्वास्थ्यमा हुने विभिन्न समस्याले गर्दा उनीहरु यौनमा उदासीन हुन सक्छन् ।

**जब पाठेघरको समस्या हुन्छ**

प्रजनन् स्वास्थ्यमा कुनै समस्या भएका महिलालाई यौन सम्बन्धको क्रममा धेरै पीडा हुन सक्छ । विशेषगरी पाठेघरमा कुनै संक्रमण भएको छ वा पाठेघर सुन्निएको छ भने यौन सम्बन्धको क्रममा पीडा हुन्छ ।

पाठेघरमा 'शिष्ट'हरू अर्थात् पानी र रगतको फोका पलाउने समस्या धेरै महिलामा हुन्छ । यस्तो भएमा पाठेघर सुन्निन सक्छ । यसैगरी पाठेघरको संक्रमण वा मासु पलाएको स्थिति हुन सक्छ ।

महिलाहरुमा बढीजसो देखिने समस्या यौनाङ्गको संक्रमण हो । यस्तो भएमा सेतो पानी बग्ने हुन्छ । कहिलेकाहीं रगत पनि आउन सक्छ । यी स्थितिमा यौन सम्बन्ध बनाउँदा महिलाहरुलाई पीडा हुन्छ ।

पीडादायक स्थितिमा पनि सम्बन्ध बनाइराख्दा पीडा धेरै बढेर 'ट्रमा' नै हुने हुन्छ । यस्तो अवस्थामा धेरै सेतो पानी बग्ने समस्या हुन सक्छ । कालान्तरमा बच्चा बस्न नै गाह्रो हुने पनि हुन्छ ।

**असुरक्षित यौनले संक्रमण**

महिलाहरूमा देखिने धेरै प्रजनन् समस्या असुरक्षित यौन सम्पर्कका कारण नै हुने गर्छ । असुरक्षित यौन सम्बन्ध बनाउँदा त्यो संक्रमण पाठेघरमा र पाठेघरको ट्युबसम्म पनि पुग्छ ।

पाठेघरसम्म संक्रमण पुगेपछि पीडा अरु बढ्ने र पाठेघरसम्बन्धी अन्य समस्या पनि देखा पर्न सक्छ । असुरक्षित यौनका कार ण पार्टनरमा संक्रमण सर्ने सम्भावना हुन्छ ।

**समाधान के त ?**

सबैभन्दा पहिले त के कारणले यौन सम्बन्धका क्रममा पीडा भएको हो त्यो कारण पत्ता लगाएर त्यसको उपचार गर्नुपर्छ । त्यसैले वर्षमा एकपटक महिलाले आफ्नो प्रजनन् अंगको जाँच गर्नुपर्छ । संक्रमण नहोस् भनेर सुरक्षित सम्बन्ध बनाउनुपर्छ । कण्डमको प्रयोग सबैभन्दा उपयोगी हुन सक्छ । यौन पीडा अत्यधिक र सधैं भएमा चिकित्सकको सल्लाह आवश्यक हुन्छ ।

**साहित्य**

# नयाँ पार्टी गठनबारे प्रस्तावना

हास्यव्यङ्ग्य



✍होम सुवेदी

भैरव अर्यालले खोलिदिएका नयाँ नयाँ पार्टीमा समेत भित्रिन नसकेपछि आजभोलि मैले पनि एउटा पार्टी नबनाई नहुने निधो गरेको छु । त्यो नयाँ पार्टीका बारेमा म केही गन्थनमन्थन गर्न लागिरहेको छु । कति जनाको केन्द्रे कमेटी, कति जनाको माधिवेसन प्रतिनिधि, कति जनाको पोलिटबुरो बनाउने जस्तासम्मका कुरा पनि म बबुरोलाई अहिले थाहा छैन । नाम कस्तो राख्ने, उद्देश्य के राख्ने, प्रियाम्बलमा के लेख्ने आदि कुरा ता तपसिलका भइगए । अहिले ता मेरो गन्थनमन्थन मात्र चल्दैछ । यो गन्थनमन्थनमा मेरा मात्र नभई अरुअरु पार्टीका कथाहरू पनि आउन सक्लान् । त्यसो भएपछि सुरुमै मैले पूर्वक्षमा ता मागिराख्नु पर्छ । पार्टीको नाम, प्रस्तावना, यसको कार्यदिशा आदिमा कुनै अन्य अर्थ लागिहालेछ भने त्यसका लीगि क्षमा माग्दै कुरा अघि बढाउँछु ।

केही यतादेखि नेपामा सम्पूर्ण वर्ग, सम्पदाय, जात, जाति, लिङ्ग, वर्ण, पेशा आदि इत्यादिका नाममा एउटा न एउटा पार्टी वा संघसंस्थाहरू खुल्न थालेका छन् । केही महिनाभित्रै यहाँ पाटी खोल्नु भनेको रक्नपनर्कका छेउछाउमा अथवा मन्दिर र घरचोकका अभिन्तरमा लोग्ने मान्छेले फास्नर खोल्नु जतिको कठिन पनि पर्न छाडेको बुझ्दछु । तर मै अभागीलाई चाहिं न कांग्लेसले टिकस भिराए न त कमलेस्टहरुले नै । न त नयाँ नयाँ जन्म लिदै गरेको पार्टीले नै 'ए भाइ, टिकट काटेर जाऊ त' भनेर नै बोलाए । देशमा भएका २, ४ सय पार्टीमा पनि नपरेपछि ता भएन अब । पार्टी बेगर ता नेपालमा अब बाँच्न सकिने अवस्था छैन । कस्तो रछ पार्टी बिना पनि बाँच्न सक्ने भन्ने अवगाल पनि आइपर्ला । के गरौं त ?

आजको यो अवस्थामा पनि अर्काको पार्टीकै भरौटे के भइरहने ? कसैले दिएको चाराने टिकस काटेर के बेजती गर्ने ? यस्तो खुला अवस्था भएको बेला मैले स्वयं पनि एउटा पार्टी खोल्न सक्तिनँ ? घिरुँलो घोर्लिएर फुस्रिएझैं फुस्रिएको कम भइसक्यो त ? के मेरो क्षमात छैन पार्टी खोल्ने ? ५० वर्षको पो भइसकेको छु त । आधा सेन्चुरी मारिसकेको मान्छेले के लाज मान्ने ?

हो महाशय, म ५० वर्षको कुमार वृद्ध हुँ । प्रत्येक साँझ लगनगाँठोमा बाँधिएको कल्पनामा सुतेर प्रत्येक बिहान एक पुत्र वियोगको दारुण व्यथामा ब्युँझदाब्युँझदै मेरा ५० वर्ष सुइत्तै बितेछन् । पल्लोघरे लुतेले समेत माथिल्लो घरकी गठेसँग प्रेमको नजिका उहिल्यै भोग गरिसक्यो । मेरै छिमेकी थाक्सीको कुरा गर्ने हो भने पनि उसले ता कति हो कति पुत्रपुत्रीहरूको मोचन गरिसकेकी छे भनिन्छ । अब त ममाथि मलाई नै रिस उठ्न थालेको छ– कुन हुतीहारा भएँछु म पनि ! 'जवान छँदै एउटी लठेब्री घिसार्न सकिनस् अब खा मोरा बुढेस कालमा ताउलो !' आमाको वचन ख्याल बिझाएको छैन । बाख्राका गलाको लुर्को भन्दा के फरक पऱ्यो त मेरो जिन्दगी । तर धन्दा नमान्नोस् आमा, बहुदल हुँदैदेखि मैले पनि एउटा आफूलाई हुँदो खालको योजना तयार पारिरहेको छु ।

एउटा थियो पापी बुढो, उसले समयमै कुरा बुझिदिएको भए मेरी आमाले समयमै बुहारी पाउने थिइन् । बुढाको कुरा उठि नै हाल्यो अब । बरु त्यही बुढाका केही कुरा अघिल्तिर तेर्स्याऊँ । म त्यसै पापी बुढालाई मेरो हाकिम थियो भनी भन्न पनि सक्छु ।

एक जना थिए मेरा हाकिम । उनका घरभर थिए कुमारी कन्याहरू । तिनका कन्याहरू मेलैसँग मेरै आँखाअघि भटमास, कागती, सुन्तला र भोगटे हुँदै गए । सिनेमाको रिल सरेझैं साना कन्याहरूबाट ठुलातिर यो क्रम फलफूलको प्रकारमा सरेको कुरा पनि थामिनसक्नु गरी मैले हेरिरहनुपऱ्यो । जति जति बुढाका कन्या पुत्रीहरू एउटा फलको रूपबाट अर्को फलको रूप हुनतिर लाग्दथे उतिउति बुढा भने आत्तिन्थे र 'एउटा कुमार केटाको खोजी गर्न पाए हुँदो हो' भनेर मसँग अप्रत्यक्ष केटो खोजी गर्ने काम सुम्पन खोज्थे । 'आँखाअघि चौबिसै घन्टा डिउटी बजार्ने मजस्तो कुमार केटोतिर आँखा नपुऱ्याने पापी बुढा ! तेरा आँखा फुटे !' भन्दै तोरीको फूल देख्तथें । जब उनकी कान्छी छोरीको रूप कुनै गद्दीमा बस्ने मारबाडीको जस्तो देखिन थाल्यो अनि पो बुढा ता 'ए तिम्रो पनि बिहे ता भएको थिएन क्यारे, अर्काको भारी सहित कान्छीलाई स्याहार्ने एक जनाको खाँचो परेको थियो । तिम्रो के विचार छ ?' पो भन्छ ए !

हिजोसम्म कुमारी भएको अवस्थामा म उसका अघि देखिइन, आज उसका छोरीहरूले जब भारी बोक्न थाले अनि त्यो भारी मैले स्याहार्नु पर्ने ! म त्यसै दिनदेखि निस्किएर हिंडेको त्यस बुढाका घरमा आजसम्म पसेको पनि छैन । जब म उसको घरबाट निस्किएँ अनि पो बुढो ता मसँग भिक मागेजस्तो गरी फोन गर्छ ए– 'ए भाइ, लौन आइदेऊ । कान्छीको आठ महिना लागिसक्यो । अब फ्याल्न पनि मिलेन । बरु कसै गरेर स्याहार । मेरा नाममा रहेको फ्वाँसी टोलको चाराना जग्गा पास गरिदिन्छु तिम्रो नाममा ।'

मैले माझै मुखबाट भनिदिएँ– 'पापी बुढा, दिने नै मन भए अस्ति दिन्थ्यौ नि, हगिसकेपछि दैलो देख्ने तिमी जस्तालाई खुच्चिङ पऱ्यो । तिम्रो छोरीको भकारो सोहोर्ने ठान्यौ कि क्या हो मलाई ?' यसरी मैले बुढाको प्रस्ताव फिर्ता गरें । पापी बुढादेखि कम रिस उठेन । बुढाले छोरी जिम्मा लगाउन खोजेपछि मलाई ता बिहे गर्नु नै बेर्थ रहेछ भन्ने लाग्यो । मेरो बैंस त्यही पापी बुढाले निखारिदिएको हो । जेठीदेखि कान्छीसम्म मेरा आँखाकै सामुन्ने अर्काका भए म भने हेरेको हेरेकै भएँ । अब पछुताउनुभन्दा बाहेक के नै रहेको थियो र ?

कुरा फेरि बरालिएछन् । मैले अब देशका पार्टीहरूको सेखी नझारी भएको छैन । वृद्ध कुमार त भइहालें–बरु यसै क्षेत्रमा एउटा क्रान्तिरी पार्टी खोल्ने निर्णयमा पुगेको छु । देश भरिका सबै कुमारहरूहो अब सरिक हुनोस्, वृद्ध कौमार्यको आनन्द लिनका लागि ।

कृपया कसैले कन्या दिन्छ र बिहे गरुँला अथवा कसैले मन पराउलान् र लभसभ गरेर लगनगाँठोमा बाँधिउँला भन्दा भन्दै जिन्दगी बिताउने धेरै छन् । म पनि त्यस्तैमध्येको एक हुँ । यसरी एक्लो जिन्दगी बिताउँदा कति गोता खानु पर्छ मलाई नै थाहा छ । त्यसैले मैजस्तो कुमार कुमारीकै रूपमा जिन्दगी बिताउन बाध्य भएकाहरूका लागि अब कठिनाइका दिन जानेछन् । नराम्रा दिनहरू गएर एक न एक दिन कुमार कृष्णप्रसाद बाबैका ता राम्रा दिन आउँदा रहेछन् । पर्खेर बस्नाले नै सुश्री भद्रा दिदीका दिन पनि आएका छन् । पर्खेर बसेकै कारणले अटल विहारीका दिन फिरे । पर्खेर बसेकै कारण थापा बुढा नरहरिनाथका दिन पनि फिरेका थिए । कहिले दिन फर्कन्छन् कहिले तर्कन्छन् यस्तै हो । त्यसैले कुमार बाहरूहो, हरेस नखानुहोस् । मैले गम खाएर भए पनि उपाय उब्जाएको छु हामी जस्ता कुमारका लागि उपयोगी हुने प्रकारको । यो बेला पार्टी खोल्न कुनै अप्ठेरो पर्दैन । त्यसैले मेरा पार्टी खोल्ने प्रयोजनका लागि एउटा तदर्थ समिति गठन गर्नु आवश्यक छ । यस्तो समिति गठन गर्न न कसैलाई सोध्नुपरोस् न कसैको सोर्सको आवश्यकतै परोस् । यता हेऱ्यो तदर्थ समिति, उता हेऱ्यो तदर्थ समिति । यस्तो खुला अवस्थामा पनि एउटा पार्टीको लागि तदर्थ समितिको गठन नगर्नु भनेको ता लाछी कुरा हो । यसैले एउटा तदर्थ समिति गठन गर्नु पर्ने नै भयो ।

मैले आफ्नो पार्टीको नाम 'अखिल नेपाल क्रान्तिकारी कुमार कुमारी संघ' राख्ने विचार गरेको छु । यस पार्टीको प्रमुख बसिदिनु म नेपाल सरकारका अहिले २०४७ सालका प्रमुखलाई नै आग्रह गर्दछु । कुमार कुमारीको हक हित र पिरमर्का ता कुमार कुमारीहरूलाई नै बढी जानकारी हुन्छ । अहिले २०४७ सालमा बहुदल आउँदा आउँदैको मौकामा नेपाल देश थाम्ने जिम्मा कुमारका हातमा परेकाले पार्टी गठनमा सहयोग नै हुने बुझेको छु । कुमार कृष्णप्रसाद भट्टराई बा प्रधानमन्त्री भएको अवसरमा कुमारहरूको हितका लागि पार्टी नखोलिए कुन बेला खोलिएला त !

यस पार्टीमा नेपालका सबै जातजाति, क्षेत्र र वर्गका कुमार कुमारीहरूले सदस्याता पाउने छन् । कुमार भन्नाले मेरा पार्टीमा बुढा कुमार लाई सम्झनुपर्ने छ र कुमारी भन्नाले पनि अविवाहिता र कमसे कम ५० वर्षभन्दा माथिका नारीहरूलाई सम्झनु पर्नेछ । तर पहिले बिहे गरेर कौमार्यत्व समाप्त गरेका अनि छोडछाड गरेर कुमारकै रूपमा रहेकाहरूलाई भने यसमा सदस्यता दिइने छैन । बिहे नगरीकन ५० बाट उकालो लागेको भए ऊ कुमारै रहेको छ छैन भन्ने कुराको खोजी नगरी सदस्यता दिन सकिनेछ । यस परिसीमाभित्र पर्ने त्यस्ता कुमारहरू छन् भने तराईदेखि पहाडसम्मका, झुप्रादेखि महलसम्मका र घरबारदेखि दरबारसम्मका सबैलाई पार्टीमा बेहोरिनेछ ।

यसको केन्द्रीय कार्यालय काठमाडौंको गोकर्णमा राखिने छ । कता कताबाट गोकर्णको जंगल बेचबिखन भएको पनि सुनिएको हो । यदि त्यसो हो भने यसको केन्द्रीय कार्यालय सूर्यविनायकको जङ्गलतिर पनि खोल्न सकिनेछ । यसको खास कारण छ । मेरो पार्टी चाराने भाङ्लो भिर्नासाथ महान् व्यक्ति मान्ने र पतिया नै गरेको ठान्ने किसिमको हुनेछैन । मेरो पार्टी जातिधर्म, सम्प्रदाय, लिङ्गबाट निरपेक्ष रहनेछ । मेरा पार्टीको सबैभन्दा ठूलो आदर्श यौन स्वतन्त्रताको उपभोग गर्न दिने बारेको छ । हो, महाशय, मेरो पार्टीको मूल विषय यौनको स्वतन्त्रतापूर्वक सही रूपमा उपभोग गर्न पाउनु पर्छ भन्ने नै हो । मेरो पार्टीले यौन उपभोगमा अनुदारबादीहरूलाई वर्गशत्रु मान्नेछ ।

यो मूल कुरा सुन्ने बित्तिकै देशभरिका कुमार कुमारीहरूले नराम्रो सपना देखिसकेको हुनुपर्छ । कति कुमार कुमारीले ता कात्तिकको लर्कोको कल्पना पनि गरिसकेको हुनुपर्छ । अनि कतिले भने सदस्यताको खोजी पनि गरि सकेको हुनुपर्छ । सस्तो दाममा सदस्यता किनेका मान्छेले अरु थोक ता के नै खोज्छ र ? चारानामा सदस्यता लिनेहरूका आँखा सबैतिर हरियो न देख्छन् ।

यौनस्वतन्त्रताको कुरा गर्ने बित्तिकै केही कट्टरपन्थीहरूलाई धक लाग्ला । धक मान्नु पर्दैन । ढाँटेर के कुरा गर्नु ? यसो छेलिएर लघुशंका गरेकै शैलीमा अहिले पनि ता यौनको उपभोग भइरहेको छ । प्रणामीहरूले रासलीला गर्दा यस कर्मको उहिल्यैदेखि उपभोग गर्दछन् भन्ने सुनिन्छ । जात्रामात्रा र बस यात्रामा यौन स्वतन्त्रताको उपभोग देखादेख भइर हेकै छ । मन्दिरहरू मूर्तिविहीन भए पनि युवायुवतीको तिनै मन्दिरतिर लर्को लाग्नुको अर्थ यो नभए अरु के हो त ? सिनेमा घरहरू ता यौनका प्रयोगशाला नै भइहाले । अचेल थोत्रा पाटीपौवा र सडक गल्लीतिर उपयोग गरेका ढालहरू बग्रेल्ती छरिएका भेटिन्छन् । त्यसबाट पनि यौन स्वन्त्राबारे थप प्रमाण जुटाउन मद्दत पुग्दछ । झन् ढल, डस्टबिन र नालीहरूतिर भेटिने सालनाल सहितका मान्छेका बिरुवाहरूलाई साक्षी राख्नु हो भने ता यस कुराको अझ ठुलो प्रमाण जुट्तछ । त्यसैले हाल यहाँ यौन स्वतन्त्रता छैन भन्नु हातले घामलाई छेक्नु जत्तिकै मात्र हो ।

पार्टीले नै यौन स्वतन्त्रतालाई अख्तियारी गरेपछि यौनका बारेमा अलिकति भ्रम पनि हुन सक्ला । विशेष गरी यौन स्वतन्त्रताले जनसंख्याको वृद्धिलाई सघाउने र विकृति ल्याउने काम गर्ला भन्ने डरले नै यहाँ त्यसलाई खुला गरिएको छैन । मेरा पार्टीमा यो समस्या नै रहँदैन । यस पार्टीमा जनसंख्या उमार्न सक्ने क्षमतै नभएका वृद्ध कन्याहरूलाई पार्टीमा सदस्यता दिइने हुँदा सो समस्या स्वत: समाधान हुन जान्छ । चक्रवृद्धि ढङ्गले ब्याज उपार्जन गर्ने क्षमतै नभएका वृद्ध कन्याहरू पार्टीमा लिनुको तात्पर्य नै यही हो । मासिक चक्रबाट ब्याज आर्जन गर्न छाडेका सदस्यलाई मात्र सदस्यता दिने हुनाले मेरा पार्टीले कुनै समस्या खडा गर्नेवाला छैन । काङ्लेसै हुँ, कम्लिस्ट नै हुँ भनेर पुराना नयाँ मन्डलेहरूले ती पार्टीमा प्रवेश गरेझैं कुमार कुमारी नै हौं भन्दै मेरा पार्टीमा प्रवेश गरेर ब्याज उत्पान गर्ने र ब्याड बनाउलान् भन्ने खतरालाई ध्यानमा राखेर उत्पादन क्षमताबारे गरिहो छानबीन गरेर मात्र सदस्यता दिने व्यवस्था गरिनेछ ।

नेपाली काङ्ग्रेसमा र कम्युनिस्टमा हालसम्म पनि प्रवेश नलिएर उभ्रिएका बाँकी बैला, बेत बसेका, छडुल्ला र हिजडाहरूलाई मेरा पार्टीमा खुला आमन्त्रण छ । देवीदेउता भाकल गरेर, हरिवंश पुराण लगाएर अनि अनेक उपाय गरेर समेत निसन्तानै रहन बाध्य भइरहेका नवदम्पतीहरूलाई यद्यपि ती कुमार कुमारी हुँदैनन् तापनि मेरा पार्टीमा ढोका खुला गरिनु पर्ला कि भन्ने विचार राखेको छु । बेत बसिसक्ने बित्तिकै दसी प्रमाण लिई आउनेहरूलाई पनि पो सदस्यता दिनु पर्ने हो कि भन्ने कुरा पार्टीमा विचाराधीन छ । यस्ताहरूलाई पनि सदस्यता दियो भने पार्टीको हित विपरीत हुने हो कि भन्ने हुनाले त्यसबारे चाहिं अलिक गम्भीर नीति तयार गरिने छ ।

अब भन्नोस् वृद्धजनहरू, कुरा कस्तो आउँदै छ त ? अन्य लिङ्गीहरू, वृद्ध, बैला र बेत बसेकाहरूलाई यौन स्वतन्त्रता दिंदैमा समाजमा के असर पर्न सक्ला ? लौ वृद्ध कुमार कुमारीले यौन स्वतन्त्रताको दुरूपयोग नै गरेछन् अरे ! त्यसबाट राष्ट्रलाई के नै हानी हुन्छ ? सार्वजनिक थलामा बालबच्चा फ्यालिएलान् भन्ने डर नै हुन्न । अरु अरु पार्टीहरूले अहिले बजारमा, गाउँगल्ली र चोकचोकमा भ्रूण फ्याँक्नेहरूलाई नियन्त्रग गर न बरु । मेरा पार्टीको समस्या ता मै गरि हाल्छु नि ! मेरोमा ता सदस्यहरू नै बुढाबुढी भइसक्न लागेकाहरू मात्र हुने हुँदा यौनलाई अति प्रयोग गरेर एड्स पो उत्पाद गर्लान् कि, वा बालबच्चा पो फ्याँक्लान् कि भन्ने चिन्ता ता लिनै पर्दैन । अब मेरा पार्टीले यौनस्वतन्त्रताबारे अखितयारी गर्न लागेको नीतिको अर्थ कसरी गलत हुन सक्छ ? पार्टीको आकर्षण नै यौन स्वतन्त्रता र देशलाई गलत जनसंख्याको रोकथाम हो । पार्टीभित्र केही आकर्षणका प्याकेज ल्याउनै पर्छ । त्यसरी केही आकर्षण ल्याइएन भने र केही आकर्षक अफर गरिएन भने ता सदस्यताको हाहाकार पनि हुन सक्छ । सदस्यको हारालुछ भइरहेको यो अवस्थामा पार्टीमा चरो मुसो पनि आउन सक्तैन, अनि कुमार कुमारी कताबाट आउने ?

त्यसैले देशभरिका वृद्ध कुमारहरू ! हामीलाई पनि एउटा पार्टी चाहिएको छ । बुढेसकालमा भए पनि हामीले एउटा संगठनलाई हरियो बनाउनु पर्छ । मेरै अध्यक्षतामा मैले एक सदस्यीय तदर्थ समिति गठन गरेको छु । पार्टीका थप ढाँचा, विधान, र नीति नियमहरू बन्दै जानेछन् । बाँकी छुटपुटबारे, पार्टीका आकर्षण र निवृत्तिबारे जानकारी र सुझाव पठाउने काम गर्नु हुनेछ । मेरो यो प्रस्ताबारे पनि राय पटानुहुनेछ ।

तपाईंहरूको वृद्ध कुमार (अध्यक्ष)
अखिल नेपाल क्रान्तिकारी वृद्ध
कुमार कुमारी पार्टी तदर्थ समिति




# यस्तो छ सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सको फाइनल यात्रा



काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा ३१ खेल सकिइसकेका छन् भने अब अन्तिम अनि सबैभन्दा महत्वपूर्ण खेल बाँकी छ । लिग चरणका २८ खेलहरू अनि प्लेअफका ३ खेलहरू सकिँदा अब उपाधि भिडन्तमा सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्स आमनेसामने हुँदैछन् । फाइनल खेल शनिबार दिउँसो साढे ३ बजेदेखि सुरु हुनेछ ।

सुदूरपश्चिम रोयल्सले पहिलो क्वालिफायरमा विराटनगर किङ्सलाई हराएर सिधै फाइनलमा स्थान बनाएको थियो भने लुम्बिनीले इलिमिनेटरमा काठमान्डु गोर्खाज अनि दोस्रो क्वालिफायरमा विराटनगर किङ्सलाई नै पराजित गरेर फाइनलको यात्रा तय गरेको छ ।

यी दुवै टोलीको फाइनल यात्रा भने विपरित किसिमको छ । सुदूरपश्चिमले लिग चरणमा शानदार प्रदर्शन गरेको थियो भने लुम्बिनीले उतार चढावका बीच शानदार पुनरागन गरेर उपाधिको नजिक पुगेको छ । दुवै टोलीको फाइनल यात्राबारे आज चर्चा गर्नेछौं ।

**सुदूरपश्चिम रोयल्स**

लिग चरणमा लगातार ५ खेल जितेर प्लेअफ पक्का गरेको सुदूरपश्चिमले त्यसपछिको खेल पनि जितेर शीर्षस्थानमा फिनिस गर्ने पक्का गरेको थियो । अंकतालिकामा १२ अंकका साथ शीर्षस्थानमा रहेको सुदूरपश्चिमले पहिलो क्वालिफायरमा विराटनगर लाई हरायो ।

लिग चरणमा यस संस्करण पनि सुदूरपश्चिमले शानदार सुरुवात गरेको थियो । पहिलो खेलमा सुदूरले काठमान्डुविरुद्ध १४७ रन डिफेन्ड गर्दै २९ रनको जित हासिल गरेको थियो । दोस्रो खेलमा पोखरा एभेन्जर्ससँगको हाइ स्कोरिङ खेलमा पनि १८ रनको जित हासिल गर्‍यो ।

त्यस्तै तेस्रो खेलमा कर्णाली याक्सविरुद्ध १३९ रन डिफेन्ड गरेर ९४ रनमै अलआउट गरेर प्रभावशाली जित हासिल गरेको थियो । चौथो खेलमा लुम्बिनी लायन्सविरुद्ध १४४ रनको लक्ष्य पूरा गर्दै जित हासिल गर्‍यो ।

पाँचौं खेलमा सुदूरले साविक विजेता जनकपुर बोल्ट्सलाई पनि ६ विकेटले पराजित गरेर प्लेअफमा स्थान पक्का गरेको थियो । छैटौं खेलमा चितवन राइनोजलाई ४९ रनले पराजित गरेर लगातार छैटौं जितसहित अंकतालिकामा शीर्षस्थानमै रहने पक्का गर्दै पहिलो क्वालिफायरमा स्थान बनायो।

लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिम विराटनगरसँग भने पराजित भयो । १४४ रनको योगफल बनाएको सुदूरपश्चिमविरुद्ध फाफ डुप्लेसी चम्किँदा विराटनगरले १२औं ओभरमै लक्ष्य पूरा गरेको थियो । त्यसपछि सुदूरको भेट पहिलो क्वालिफायरमा विराटनगरसँगै भएको थियो ।

पहिलो क्वालिफायरमा भने सुदूरले बदला लियो । १५५ रनको योगफल बनाएको सुदूरले विराटनगरलाई ७८ रनमै अलआउट गरिदियो र सिधै फाइनलमा स्थान बनायो ।

यहाँसम्म आइपुग्दा सुदूर पश्चिम ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै पक्षमा अब्बल देखिएको छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीका उपकप्तान एवम् अलराउन्डर दीपेन्द्रसिंह ऐरी कप्तान रहेको सुदूरले अन्तिम खेल मात्र एकपक्षीय रूपमा गुमाउँदा बाँकी खेलमा प्रभावशाली प्रदर्शन गरेको छ र अब फाइनलमा पनि त्यही लयलाई निरन्तरता दिने लक्ष्यमा हुनेछ ।

**सुदूरपश्चिमको फाइनल यात्रा :**
काठमान्डु गोर्खाजसँग २९ रनले विजयी
पोखरा एभेन्जर्ससँग १८ रनले विजयी
कर्णाली याक्ससँग ४५ रनले विजयी
लुम्बिनी लायन्सविरुद्ध ७ विकेटले विजयी
जनकपुर बोल्ट्सविरुद्ध ६ विकेटले विजयी
चितवन राइनोजविरुद्ध ४९ रनले विजयी
विराटनगर किङ्सविरुद्ध ६ विकेटले पराजित
पहिलो क्वालिफायरमा विराटनगर किङ्सविरुद्ध ७७ रनले विजयी

**लुम्बिनी लायन्स**

सुदूरपश्चिमभन्दा ठीक विपरित लुम्बिनीको भने लिग चरणमा उतारचढाव देखिएको थियो । सुरुवाती खेल जितेर त्यसपछि लगातार तीन हार बेहोरेको लुम्बिनीले अन्तिमका तीन खेल फेरि जितेर प्लेअफमा स्थान बनाएको थियो । त्यसपछि इलिमिनेटरमा काठमान्डु गोर्खाजलाई हरायो ।

लुम्बिनी लायन्सले पहिलो खेलमा चितवन राइनोजलाई ६ विकेटले हराएको थियो । त्यसपछि कर्णाली याक्ससँग भने ९ विकेटको एकपक्षीय हार बेहोरेको थियो । त्यस खेलमा मार्क वाटले शानदार शतक बनाएका थिए ।

तेस्रो खेलमा लुम्बिनी काठमान्डु गोर्खाजसँग २२ रनले पराजित भयो । चौथो खेलमा सुदूरपश्चिम रोयल्ससँग ७ विकेटले पराजित भयो । त्यसपछि भने लुम्बिनीले शानदार पुनरागमन गर्‍यो । पाँचौं खेलमा पोखरा एभेन्जर्समाथि ३ विकेटको जित निकाल्न सफल भयो । छैटौं खेलमा विराटनगर किङ्सलाई ५ विकेटले अनि सातौं खेलमा जनकपुर बोल्ट्सलाई ४ विकेटले हराउँदै प्लेअफमा स्थान बनायो ।

यसरी कुनै समय एक हारले पनि प्रतियोगिताबाट बाहिरिने अवस्थामा रहेको लुम्बिनीले शानदार पुनरागमन गर्दै इलिमिनेटरमा काठमान्डुलाई ४ विकेटले अनि २४ घण्टाभित्रै भएको दोस्रो क्वालिफायरमा विराटनगरलाई ४० रनले हराउँदै फाइनलमा पुग्यो ।

लुम्बिनीले प्रतियोगिताको बीचमा विदेशी खेलाडीदेखि टिम कम्बिनेसनसम्म परिवर्तन गरेको थियो । त्यसले पनि लुम्बिनीको टोलीमा सकारात्मक परिवर्तन ल्याएको छ । मध्यक्रमको ब्याटिङमा अझै सुधारको अपेक्षा राख्न सकिन्छ । यस्तो भएमा लुम्बिनीको ब्याटिङ अझ बलियो देखिनेछ ।

**लुम्बिनीको फाइनल यात्रा :**
चितवन राइनोजविरुद्ध ६ विकेटले विजयी
कर्णाली याक्सविरुद्ध ९ विकेटले पराजित
काठमान्डु गोर्खाजविरुद्ध २२ रनले पराजित
सुदूरपश्चिम रोयल्सविरुद्ध ७ विकेटले पराजित
पोखरा एभेन्जर्सविरुद्ध ३ विकेटले विजयी
विराटनगर किङ्सविरुद्ध ५ विकेटले विजयी
जनकपुर बोल्ट्सविरुद्ध ४ विकेटले विजयी
इलिमिनेटरमा काठमान्डु गोर्खाजविरुद्ध ४ विकेटको जित
दोस्रो क्वालिफायरमा विराटनगर किङ्सविरुद्ध ४० रनको जित

**खेलाडीको प्रदर्शन यस्तो**

सुदूरपश्चिमका लागि नेपाली खेलाडीबाट शानदार प्रदर्शन हुँदा विदेशी खेलाडीबाट पनि साथ मिलेको छ । ब्याटिङमा विनोद भण्डारी ८ खेलमा २६४ रन बनाएर टोलीका लागि सर्वाधिक रन बनाउने खेलाडी हुन् । त्यसपछि आरिफ शेखले १८० रन बनाएका छन् । कप्तान दीपेन्द्रसिंह ऐरीले १४९ अनि इशान पाण्डेले १२७ तथा हर्मीत सिंहले १२३ रन बनाएका छन् ।

बलिङमा अविनाश बोहरा १६ विकेटका साथ प्रतियोगिताकै दोस्रो सर्वाधिक विकेटठ लिने खेलाडीका रूपमा छन् । हर्मीत सिंहले १२, स्कट कुग्लेइनले १० अनि दीपेन्द्रसिंह ऐरीले ८ विकेट लिएका छन् ।

कप्तान दीपेन्द्र आफैं ब्याटिङ, बलिङ र फिल्डिङ ३ वटै पक्षमा शानदार देखिँदा सुदूर पश्चिमको टोली नै आत्मविश्वासी देखिएका छन् । उनले १० क्याच लिनुका साथै डाइरेक्ट हिट र नआउट समेत गरेका छन् ।

अर्कोतर्फ लुम्बिनीका लागि पनि नेपाली खेलाडीबाट शानदार प्रदर्शन भएको छ । ब्याटिङमा कप्तान रोहित पौडेल तथा बलिङमा शेर मल्ल गज्जबको लयमा छन् । दुवैलाई विदेशी खेलाडीको साथ मिल्दा लुम्बिनीले मैदानमा गर्जन देखाइरहेको छ ।

रोहितले ९ खेलमा २६० रन बनाएका छन् । उनलाई अस्ट्रेलियन डार्शी शर्टले साथ दिइरहेका छन् जसले २४२ रन बनाएका छन् । निरोशन डिक्वेलाले ५ खेलमा १२६ रन बनाएका छन् । लुम्बिनीका लागि ब्याटिङमा सबैबाट केही योगदान भइरहेको छ ।

लुम्बिनीले जितको आधार भने बलिङबाट बनाइरहेको छ । शेर मल्ल ९ खेलमा १४ विकेटका साथ टोलीका लागि सर्वाधिक विकेट लिने बलर हुन् भने प्रतियोगिताकै तेस्रो सर्वाधिक विकेट टेकर हुन् । दोस्रोमा नामिबियन रुबेन ट्रम्पलमन छन् जसले १२ विकेट लिएका छन् । यी दुईले मिलेर विपक्षीलाई सुरुवातदेखि नै समस्यामा पार्दै आएका छन् । कप्तान रोहित पौडेलले पनि ७ विकेट लिएका छन् ।

# 'प्रकाश सपुत मेला यात्रा २०८२' देशका १० स्थानमा हुने



काठमाडौं/कलाकार प्रकाश सपुतले देशका बिभिन्न स्थानमा 'प्रकाश सपुत मेला यात्रा २०८२' गर्ने भएका छन् । २ वर्ष पछि पुन: स्टेज कार्यक्रममा फर्किएका उनले एनसेल फाउन्डेसनसँगको सहकार्यमा सांगीतिक यात्रा गर्ने भएका हुन् ।

यस सिजनका लागि देशका १० स्थानमा मनोरञ्जन, सेवा र सामाजिक सन्देशसहित गायक सपुत र डान्सर समूहले विशेष कार्यक्रम प्रस्तुत गर्ने गरी कार्यक्रम परिकल्पना गरिएको दिल शिरीषले बताए ।

'सपुतले अरु कार्यक्रममा जस्तै गीत त गाउने नै छन् तर, यसपटक गीत मात्रै गाउने छैनन्, उनी स्वयमले पर्फमेन्स पनि गर्नेछन्', सपुतका अधिकांश प्रोजेक्टमा सहकार्य गरेका शिरीषले भने, 'उनीसँगै नृत्यकारको समूहले गीतको भावना र मर्म अनुसार अभिनय र नाच मञ्चमा प्रस्तुत गर्नेछन् ।'

'स्टोरी टेलिङ'को नवीनतम अवधारणामा यो कार्यक्रमले दर्शकलाई पृथक अनुभूति हुने गायक सपुत र टिमको विश्वास छ । यसले टिकट काटेर महोत्सवमा आउने दर्शकलाई लाइभ कार्यक्रमको जिवन्त अनुभूति प्रदान गर्ने जनाइएको छ ।

फिल्म 'पूर्णबहादुरको सारंगी' हिट भए पछि लगातार एकपछि अर्को फिल्ममा अभिनय गरेका सपुत लोकसंगीतमा पनि निकै रुचाइएका कलाकार हुन् ।

औषत मानिएको चलचित्र 'वसन्त' बनाएका उनले केही महिना अघि प्रदर्शित फिल्म हरिबहादुरको जुत्ता, माइतीघर, सोल्टिनीमा अभिनय गरेका थिए । उनीद्धारा अभिनित चलचित्र मिरमिरे, परालको आगो प्रदर्शनको तयारीमा छन् ।

लोकसंगीतको कुरा गर्दा ७० मिलियन पटक हेरिएको गलबन्दी, ७१ मिलियन पटक हेरिएको सकम्बरी, ४८ मिलियन पटक हेरिएको बुझिन मैले, ४७ मिलियन पटक हेरिएको कुरा बुझ्नुपर्छ, ३० मिलियन पटक हेरिएको दोहोरी ब्याटल होस्, २५ मिलियन पटक हेरिएको बोल माया जस्ता बिभिन्न रेकर्ड राख्न सफल गीत छन् ।

डेढ घण्टाको कार्यक्रमका लागि सपुतसहित डान्सर, सहयोगी लगायतको १२ भन्दा बढीको टिम हुनेछ । यसलाई प्रकाश सपुत एन्ड टिम ब्यान्डको रुपमा ब्रान्डिङ गर्ने सपुत बताउँछन् ।

# कमेडियन बिटी कान्छाले ल्याए वेब-सिरिज 'हरामी'



काठमाडौं/आफ्नो युट्युब च्यानलमार्फत् नेपाली चलचित्रको रमाइलो समीक्षा गर्दै आएका बिटी कान्छा अर्थात् विश्वास तिमल्सेनाले आफ्नो लेखन तथा निर्देशनमा वेब-सिरिज 'हरामी' तयार गरेका छन् ।

हरि, राहुल र मिलन नामका तीन चरित्रको पहिलो अक्षरमा आधारित भई 'हरामी' नामाङ्कन गरिएको उक्त सिरिजको प्रचारप्रसारका लागि प्रवर्धन गीत सार्वजनिक गरिएको छ । गीतमा शब्द, सङ्गीत र गायन साइँलाको छ । सङ्गीत निर्माण समिरन राणाको छ ।

मन प्रोडक्सनले निर्माण गरेको सिरिजमा निकुन श्रेष्ठ, ऋषिकेष बस्याल र सशाङ्क बोहरा मुख्य भूमिकामा छन् । तीनजना साथीको वरिपरि केन्द्रित रहेको सिरिजमा आना शर्मा, घनुभाइ जोशी, रक्षा थापा, गौमाया गुरुङ, प्रीतिशा अधिकारीको अभिनय छ ।

सिरिजको एक एपिसोडमा निर्देशक निश्चल बस्नेत समेत देखिने बताइएको छ ।

पछिल्लो समय 'कमेडी दरबार' मा विभिन्न भूमिकामा देखिने बिटी कान्छाले सिरिजमा पनि विभिन्न विषयलाई प्रस्तुत गर्ने जमर्को गरेका छन् । 'हामीले प्रसारित पहिलो भागबाट राम्रो समीक्षा पाएका छौं । कुल पाँच भागको एपिसोड रहने सिरिजमा फरक-फरक थिममा रहेर एपिसोड तयार गरेका छौं', बिटी कान्छाले भने ।

सिरिजको प्रसारण भइसकेको पहिलो भागमा उनले साथीहरुको दबाबले लिने निर्णयलाई हाँस्य रसमा प्रस्तुत गरेका छन् । प्रोडक्सन क्वालिटी र प्रस्तुतिका कारणले सिरिजको पहिलो भागले राम्रै दर्शकसँगै उत्कृष्ट प्रतिक्रिया पाइरहेको छ । कुल पाँच भागको उक्त सिरिज बिटी कान्छाकै युट्युब च्यानलमार्फत सार्वजनिक भइरहेको छ ।

# उखुको मूल्य हालसम्मकै उच्च पाउँदा पनि किन असन्तुष्ट छन् किसान ?

काठमाडौं/चालु आर्थिक वर्ष २०८२/८३ मा उखु किसानले हालसम्मकै उच्च उखुको समर्थन मूल्य पाएका छन् । २२ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले चालु आवका लागि उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ६ सय २० रुपैयाँ तोकेको छ । यो मूल्य चिनी उद्योगहरूले किसानलाई सिधै भुक्तानी गर्नेछन् ।

यस अतिरिक्त सरकारले आर्थिक वर्षको अन्त्यमा उखु किसानलाई प्रतिक्विन्टल थप ७० रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय पनि गरेको छ । यसरी किसानले समर्थन मूल्य र सरकारी अनुदान दुवै मिलाएर कुल प्रतिक्विन्टल ६ सय ९० रुपैयाँ प्राप्त गर्नेछन्रु। उखुको मूल्य हालसम्मकै उच्च पाउँदा पनि उखु किसान सन्तुष्ट भने छैनन् । हुन त गत वर्ष पनि उखु किसानलाई सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ नै अनुदान दिने निर्णय गरेको थियो ।

तर, पछि आर्थिक अभाव देखाउँदै किसानलाई आधा अनुदान कटौती गरेर ३५ रुपैयाँ मात्रै दिइएको थियो । सोही कारण उखु किसान यो समर्थन मूल्य ठिकै लागे पनि सन्तुष्ट हुन भने नसकेको बताउँछन् । सरकारले अनुदान रकम कटौती गरेर आधा मात्रै उपलब्ध गराएपछि उनीहरूले आन्दोलन गरे । किसानको आन्दोलनपछि सरकारले त्यही बेला प्रतिक्विन्टल ३५ रुपैयाँका दरमा किसानले पाउने करिब ७६ करोड रुपैयाँ किसानको खातामा पठायो । किसान भने कटौती भएको ३५ रुपैयाँ पनि किसानले पाउनुपर्ने माग राख्दै कहिले कृषि तथा पशुपन्छी विकासमन्त्री त कहिले प्रधानमन्त्री सुशीला कार्कीकहाँ धाइरहे ।

बारम्बार माग र दबाबपछि सरकारले गत वर्ष कटौती भएको उखुको अनुदान अझै पनि दिने भनेर आश्वासन दिइरहेको किसानको भनाइ छ । किसानले २९ मंसिरसम्म उखुको समर्थन मूल्य तोक्न र कटौती भएको ३५ रुपैयाँ अनुदान भुक्तानी गर्न सरकारसँग समय माग गरेको बताएका थिए । सोही अवधिभित्र उखुको समर्थन मूल्य र अनुदान रकम तोकिएपछि गत वर्ष कटौती भएको रकम पनि भुक्तानी हुन्छ भन्ने आश किसानमा अझै रहेको बताउँछन् उखु उत्पादक महासंघ अध्यक्ष श्यामबाबु राय ।

गत आव कटौती भएको प्रतिक्विन्टल ३५ रुपैयाँ भुक्तानी नभएकोमा भने महासंघको गम्भीर असन्तुष्टि रहेको र उक्त रकम तत्काल उपलब्ध गराउनुपर्ने माग यथावत रहेको उनी बताउँछन् । किसानहरूको मुख्य असन्तुष्टि गत आव प्रतिक्विन्टलमा कटौती भएको ३५ रुपैयाँ भुक्तानीमा रहेको उनको भनाइ छरु। उक्त रकम हालसम्म किसानले नपाएको भन्दै उनले आक्रोश पोखे । 'गत सालको कटौती भएको ३५ रुपैयाँ सरकारले दिन्छु नै भनेर आश्वासन दिइरहेको छ,' अध्यक्ष रायले भने, 'त्यो ३५ रुपैयाँ अविलम्ब हामीलाई भुक्तानी गरियोस् भन्ने हाम्रो माग हो ।'

गत आव २०८१/८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । त्यो रकम ७० रुपैयाँ प्रतिक्विन्टलका दरले अनुदान उपलब्ध गराउनकै लागि विनियोजन भएको थियो । तर, कृषि मन्त्रालयले २२ असारमा प्रतिक्विन्टल ३५ रुपैयाँका दरले मात्रै अनुदान उपलब्ध गराउने गरी निर्णय गर्‍यो, जसलाई मन्त्रिपरिषद्ले पनि पारित गर्‍यो । तर, अध्यक्ष राय भने गत वर्षको कुल २ अर्ब २५ करोड रुपैयाँ बजेटमध्ये करिब ७६ करोड मात्रै भुक्तानी भएको र बाँकी रकम पनि किसानकै अधिकार भएको दाबी गर्छन् ।

गत वर्ष कटैती भएको ३५ रुपैयाँको माग भने कुनै पनि हालतमा नछाड्ने र त्यसलाई निरन्तर उठाइरहने उनको भनाइ छ । मंसिर दोस्रो सातादेखि उखु 'क्रसिङ सिजन' सुरु हुन्छ । किसानका बारीमा क्रसिङका लागि उखु तयार भइसके पनि उखुको न्यूनतम समर्थन मूल्य तोक्न ढिलाइ हुँदा उखु मिल सञ्चालन हुन सकेनन् । यद्यपि, मिलहरूले १ पुसदेखि चलाउने तयारी थालेका छन् ।

किसान यतिबेला खुट्टी उखु (दोस्रो वर्षको बाली) छिटो काटेर अन्य बाली समयमै लगाउने चटारोमा छन् र त्यसका लागि चिनी उद्योगहरू तत्काल सञ्चालन हुनुपर्ने माग गरिरहेका छन् । किसानहरू खुट्टी उखु काटेर पुसको तेस्रो साताभित्रै अर्को बाली लगाइ सक्ने समयको दबाबमा छन् । यदि त्यो समय अर्को बाली लगाउन नसके असारसम्म कुर्नुपर्ने बाध्यता हुने किसानको भनाइ छ ।

**उखु किसान जतातत्तैबाट पीडित**

नेपाल उखु उत्पादक महासंघ सहसंयोजक राजकुमार उप्रेती उखु किसान सरकारले तोक्ने न्यूनतम समर्थन मूल्य, सरकारी अनुदान र उद्योगीहरूको व्यवहार बाट पीडित भइरहेको बताउँछन् ।

उद्योगीहरूले किसानलाई कम मूल्य दिने र चिनी महँगोमा बेचेर दोहोरो फाइदा लिइरहेको आरोप उनको छ । 'चालु आवका लागि सरकारले तोकेको मूल्य उच्च भए पनि यसको फाइदा किसानले पाएनन्, उद्योगीले नै पाउने भए,' उप्रेतीले थपे । उप्रेतीले भारतमा किसानलाई सिधा अनुदान नदिए पनि उखुको मूल्य नेपालभन्दा बढी रहेको बताए । भारतमा मल, बीउ र बीउजस्ता कृषि सामग्रीमा अनुदान दिइए पनि उद्योगीले किसानलाई दिने उखुको मूल्य प्रतिक्विन्टल ६ सय ५० देखि ७ सय रुपैयाँसम्म रहेको उनले बताए ।

सहसंयोजक उप्रेतीले उखु खेतीको लागत अत्यधिक बढेको बताए । एक बिघामा उखु खेती गर्न करिब २ लाख रुपैयाँ खर्च लाग्ने गरेको उनको भनाइ छ । यो लागतमा रोपाइँ, गोडमेल, मलजल, काट्ने, बेच्ने र ढुवानीसम्मका सबै खर्च समावेश हुन्छन् । 'उखु खेतीमा बढ्दो लागत र आम उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि हेरेर प्रतिक्विन्टल ७ सय ५० रुपैयाँ पाउनुपर्छ भन्ने माग हाम्रो थियो,' उनले भने, 'तर, सरकारले मूल्य र अनुदान गरी ६ सय ९० रुपैयाँ मात्रै निर्धारण गरिदियो ।' बढ्दो लागत, उचित मूल्य नपाउनु र समयमै भुक्तानी नहुँदा किसानहरू उखु खेतीबाट विस्थापित भइरहेको उनले बताए ।

# हलमा 'पीआर': प्रिमियरमा तारिफ, दर्शकले के भन्लान् ?

काठमाडौं/नेपाली विद्यार्थीले अस्ट्रेलियाको स्थायी आवासीय पत्र (पीआर) लिन गर्नुपर्ने संघर्ष र घरको ऋणले कसरी सताउँछ भन्ने विषय समेटिएको फिलम 'पीआर' शुक्रबारबाट प्रदर्शनमा आएको छ । फिल्मले देशव्यापी एक सय हाराहारी शो पाएको छ ।

शोभित बस्नेत निर्देशकीय यस फिल्मले गत बुधबार काठमाडौंमा फिल्मकर्मी र मिडियाको उपस्थितिमा प्रिमियर गरेको थियो । फिल्म हेरेका अधिकांशले कथावस्तु र कलाकारहरूको अभिनय मन पराएका थिए ।

सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी,आश्मा अधिकारी मस्तानी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स कृष्ण थापा र नवीन घायल मुख्य भूमिकामा छन् । विशेष भूमिकामा नीर शाह, गौरी मल्ल, रविन्द्र खड्का, उत्तम के.सी., र दिक्पाल कार्कीलाई देख्न सकिनेछ ।

यस फिल्मको प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् भने निर्मातामा लक्ष्मण सापकोटा र प्रदीप दाहाल रहेका छन् । यसमा छायांकन सौरभ सायमी र सौरभ लामा, लेखन गणेश बुढाथोकी, सम्पादन बन्दे प्रसाद, संगीत मानस राज र कोरियोग्राफी रामजी लामिछानेको रहेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रक्सौल-काठमाडौं रेलवेको डीपीआर तयार

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ भारत सरकारको सहयोगमा बिहार राज्यको रक्सौलदेखि नेपालको संघीय राजधानी काठमाडौंसम्म रेलवेका लागि डिटेल प्रोजेक्ट रिर्पोट (डीपीआर) तयार भएको छ ।




भारत रेलवेका अधिकारीहरुले जनाएअनुसार बिहार राज्यसित जोडिएको क्रसबोर्डर रक्सौल-काठमाडौं रेल लिंकको लामो योजनाको डीपीआर तयार भएको छ । निर्माणपूर्व गरिने महत्वपूर्ण कार्य पूरा भएको बताउँदै अधिकारीहरुले सन् २०२६ को जनवरीमा डीपीआर हस्तान्तरण गरिने जनाएका छन् । बिहारको रक्सौलदेखि काठमाडौंसम्म रेलवेको सोझो सम्पर्क स्थापित हुने अधिकारीहरुले जनाएका छन् । यसले भारत र नेपालबीचको क्रस बार्डर सम्पर्कमा सुधार आउने छ । २५ हजार करोड भारतीय रुपैयाँ बजेट रहेको रेलवे लाईन निर्माणपछि र क्सौलदेखि काठमाडौंबीचको दूरी ३ घण्टामा सीमित हुनेछ ।

सडकमार्गबाट रक्सौलदेखि काठमाडौंको दूरी हाल कम्तिमा ६ घण्टा रहेको छ । रेलमार्गले त्यसलाई ३ घण्टामा सीमित गर्ने भारतीय अधिकारीहरुले जनाएका छन् । डीपीआर तयारीको अन्तिमचरणमा रहेको र जनवरीमा हस्तान्तरण हुने बताउँदै अधिकारीहरुले भने, अब चाँडै ट्र्याक लेइङ कार्यको टेण्डर हुने बताएका छन् । झण्डै ८० प्रतिशत कार्य भारतीय कम्पनी कोंकन रेलवेले पुरा गरिसकेको अधिकारीहरुले जनाएका छन् । निर्माण हुन लागेको रेलवे लाईनले भविष्यमा भारतको राजधानी नयाँदिल्ली र नेपालको राजधानी काठमाडौं जोड्ने 'दिल्ली-नेपाल ट्रेन सर्भिस' बनाइने छ । यो रेलवेको ठुलो क्षेत्रीय रेल नेटवर्क बन्नेछ । भारत बिहारको जयनगरदेखि (महोत्तरीको भँगाहासम्मको ४५ किलोमिटर लामो रेलमार्ग कोँकनले बनाएको थियो ।

भारतीय रेलको ईञ्जिन लगायत कार्यहरु कोंकनले गर्दै आएको छ । प्रस्तावित रेलमार्गले रक्सौल-काठमाडौंबीच लाग्ने यात्रा समयमा नाटकीयरुपमा कमी आउने बताइएको छ । हाल रक्सौलदेखि काठमाडौंको मोटरबाट १ सय ३६ किलोमिटर लामो यात्रा गर्नु परिरहेको छ । बस, जीपलगायत साना सवारीबाट रक्सौलदेखि काठमाडौं जान कम्तिमा ६ घण्टा लाग्ने गरेको छ । तर, रेलमार्गको दूरी १ सय ४१ किलोमिटर हुने डीपीआरमा उल्लेख छ । सञ्चालन भएपछि त्यो दूरी ३ घण्टामा सहजै पूरा गरिने रेलवे अधिकारीहरुले जनाएका छन् ।

रक्सौलदेखि काठमाडौंसम्म कुल १३ रेलवे स्टेशन हुने रेलवेका अधिकारीहरुले बताएका छन् । रेलमार्गमा ४२ किलोमिटर सुरुङमार्ग र १ सय २४ वटा पुल निर्माण हुने कोंकनका अधिकारीहरुले जनाएका छन् । ब्रोडगेज रेललिकमा १ सय २० किलोमिटर प्रतिघण्टाको गतिमा रेल गुड्ने कौँकनले जनाएको छ । रक्सौल-काठमाडौंबीचको तेस्रो र चौथों चरणको योजनालाई बिहार पर्यटनअन्तर्गत स्वीकृति प्रदान गरिएको छ । यो योजना पनि द्रूतगतिमा अगाडि बढिरहेको अधिकारीहरुले जनाएका छन् । र क्सौलदेखि जीतपुर, निजगढ, शिखर पुर, सिस्नेरी र सतीखेल हुँदै रेल चोभार पुग्नेछ । कौँकनका अधिकारीहरुले जनाएअनुसार रेलवेको लागत घटाउन हरसंभव प्रयास भएको छ ।

उनीहरुले यात्रुवाहक र मालबाहक दुबै रेल सञ्चालन हुने जनाएका छन् । चोभारसम्म मालबाहक रेल पुग्ने बित्तिकै भार तलगायत तेस्रो मुलुकबाट नेपाल आउने मालसमानको ढुवानी खर्च निकै घट्ने व्यवसायीले बताएका छन् । नेपालमा हाल बिहारको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको भँगाहासम्म ४५ किलोमिटर मात्र रेलसेवा सञ्चालनमा रहेको छ । रक्सौलदेखि काठमाडौंसम्म सञ्चालन हुने रेलमार्गमा यात्रुवाहक र मालवाहक सेवा सञ्चालन भए मुनाफामा सञ्चालन हुने अधिकारीहरुको विश्लेषण छ । नेपालमा हाल पूर्वपश्चिम रेलको काम पनि भइरहेको छ । तर, त्यो कछुवाको गतिमा काम भइरहेको छ ।

# वसन्त पराजुलीको बखानमाथि हेटौंडामा बहस



साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ साहित्यकार एवम् पत्रकार वसन्त पराजुलीको तेस्रो कृति बखानमाथि हेटौंडामा परिचर्चा भएको छ । नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा शुक्रबार ऐतिहासिक उपन्यास बखानको विषयबस्तु र विविधपक्षबारे परिचर्चा गरिएको हो ।

अग्रज साहित्यकार एवम् पत्रकार डा.निमेष निखिलले पुस्तकका विविधपक्षमा समीक्षा गरेका थिए । पुस्तकमाथि चर्चा गर्दै निखिलले सरल र वर्णनात्मक तथा विवरणात्मक भाषाको प्रयोग गरी ऐतिहासिक पात्र बखानसिं गुरुङको जीवनी र त्यससँग सम्बन्धित रहेर ऐतिहासिक उपन्यास लेखिएको बताए । कुनै विषय र सन्दर्भको भित्री तहसम्म पुग्नका लागि गहिरोसँग व्यक्ति तथा सन्दर्भहरुको प्रयोग गर्ने विशेषता लेखकमा रहेको उनले बताए । बखानसिंह चितवनमा बस्ती बसाउन अगुवाइ गर्ने तथा चितवनमा नेपालकै पहिलो सहकारी बखान ऋण सहकारी संस्था स्थापना गर्ने व्यक्ति हुन् । उनी २००७ सालको जनक्रान्तिका एक योद्धा पनि हुन् ।

शाही सेनाको क्याप्टेन पदको जागिर छाडेर राणाविरोधी क्रान्तिमा होमिएका उनले क्रान्तिकै क्रममा दुई छोरासमेत गुमाएका थिए । गुरुङको जीवनका विविध संघर्षमय क्षणको रोचक चित्रणले उपन्यास जीवन्त बनेको समीक्षक निखिलको भनाइ थियो । चित्रसेन बाबाको मन्दिरको कथा, सोमेश्वरगढी तथा त्यहाँ रहेको मन्दिरको कथा, उपरदाङ गढीको सन्दर्भ, देवघाटको प्राचीनताको कथा, चितवन राष्ट्रिय निकुञ्जको स्थापना र यहाँ राजपरि वार तथा विदेशीले शिकारका नाममा गरेको जंगली जनावरको शिकारको नृशंस कथा उपन्यासमा अनुसन्धानमूलक ढंगले समेटिएको निखिलको विश्लेषण थियो ।

त्यसैगरी २००७ सालको राणाविरोधी जनक्रान्ति, २०१७ सालमा राजा महेन्द्रले गरेको कु, त्यसपछि नेपाली कांग्रेसको नेतृत्वमा भएको विद्रोह, पुलिमराङदेखि बन्दीपुरसम्मका तत्कालीन सन्दर्भ, चितवनमा बस्ती विकासका प्रार म्भिक दिनको कथा कलात्मकरुपमा बुनिएको भन्दै उपन्यास रुचिकर रहेको उनको भनाइ थियो । उपन्यासमा वर्णनात्मकता र विवरणात्मकता बढी भएका कारण साहित्यिक मिठास भने केही कम भएको महसुस हुने समीक्षक निखिलले बताए । कार्यक्रमका प्रमुखअतिथि मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले उपन्यासमार्फत उपन्यासकार पराजुलीले आफ्नो जिल्ला चितवन र यहाँ रहेका विशिष्ट स्थान तथा ऐतिहासिक सन्दर्भलाई चिनाउने प्रयास गरेको भन्दै आभार व्यक्त गरे ।

सहकारीकर्मी, राजनीतिकर्मी देखि सबैका लागि उपन्यास पठनीय र संग्रहणीय बनेको उनको तर्क थियो । पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका प्रजिअ अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाईले लेखकको कृतिगत सफलताको शुभकामना व्यक्त गरेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुवासचन्द्र बोहरा, महासंघ केन्द्रीय सदस्य नारायण अधिकारी, महासंघ बागमती प्रदेश संस्थापक अध्यक्ष प्रताप विष्ट, महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहाल, हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुली लगायतको आतिथ्यता थियो ।

# सर्वोत्तम सहकारीको वृहत् प्रदर्शनी तथा विशेष छुटसहितको बिक्री मेला



साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ उत्पादनमूखी सहकारीकारुपमा अघि बढिरहेको हेटौंडा-८ स्थित सर्वोत्तम संचिती बचत तथा ऋण सहकारी संस्थाले स्थानीय उत्पादनको वृहत् प्रदर्शनी तथा विशेष छुटसहितको बिक्री मेला आयोजना गरेको छ ।

शनिबारसम्म सञ्चालन हुने मेलाको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् । कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेशको विकास आत्मनिर्भर सहकारी प्रणालीमार्फत अघि बढ्ने बताए । उनले बिचौलियाको अन्त्यका लागि सहकारीलाई विनाब्याज सीधै बैंकमार्फत् रकम प्रवाह गर्ने व्यवस्था मिलाइने प्रतिवद्धता जनाए । मुख्यमन्त्री बानियाँले नमूनाका रुपमा आगामी आर्थिक वर्षमा उत्पादनसँग जोडिएका १३ जिल्लाका १३ वटा सहकारीसँग समन्वय गर्दै प्रदेश सरकारले काम अगाडि बढाउने बताए । उत्पादनसँग जोडिएका सहकारीमार्फत् नै प्रदेश आत्मनिर्भर बन्न सक्ने उनको धारणा थियो ।

शुभम् पार्टी प्यालेसमा आयोजित मेलामा सहकारी, महिला समूह तथा रैथाने परिकार गरी कुल ५० स्टल रहेका छन् । सहकारीका तर्फबाट ४०, महिला समूहका ६ तथा रैथाने परिकारका २ स्टल राखिएको छ । प्रदर्शनमा आलस, चामल, बेसार, तेल, दाल, पिठो लगायत स्थानीय उत्पादनका स्टल रहेका छन् । सहकारीमा आवद्ध महिला समूहले तयार गरेका धूप, हस्तकलाका सामग्रीका पनि स्टल राखिएको छ । सहकारीका अध्यक्ष रामबहादुर बस्नेतले उत्पादन क्षेत्रमा सहकारीको प्रवेशले सफलता प्राप्त गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न मेलाको आयोजना गरिएको बताए ।

सहकारीले मेरो उत्पादन, म उपभोक्ता सिद्वान्तअनुसार ६४ प्रकारका उपभोग्य वस्तु तथा पशु आहार उत्पादन गर्दै आएको छ । सहकारीमा आवद्ध महिला एक समूह-एक उत्पादन अभियानअनुसार उत्पादनमूलक कार्यमा सक्रिय रहेका छन् । अहिले ६ समूहले छुट्टाछुट्टै उत्पादन गर्दै आएका छन् । सहकारीमा ३ हजार ४६ सदस्य रहेका छन् । मेलासँगै सहकारीको १९ औँ वार्षिक साधारणसभा आयोजना गरिएको छ । सभामा अध्यक्ष बस्नेतले वार्षिक प्रगति प्रतिवेदन तथा आगामी नीति, कार्यक्रम प्रस्तुत गरे । सहकारीको शेयरपूँजी २ करोड ९० लाख ६८ हजार रुपैयाँ रहेको प्रतिवेदनमा जनाइएको छ । सहकारीले सदस्यलाई ६ करोड २२ लाख ५९ हजार रुपैयाँ ऋण लगानी गरेको छ । गत आर्थिक वर्षमा ७४ लाख २५ हजार रुपैयाँ खुद ब्याज आम्दानी भएको प्रतिवेदनमा उल्लेख छ ।

# लागूऔषध खैरो हेरोइनसहित ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ मकवानपुर प्रहरीले जिल्लाका विभिन्न स्थानबाट प्रतिबन्धित लागूऔषध खैरोहेरोइनसहित ६ जनालाई पक्राउ गरेको छ ।

हेटौंडाका विभिन्न स्थानमा गरिएको चेकजाँचका क्रममा उनीहरुलाई प्रतिबन्धित लागूऔषध खैरोहेरोइनसहित प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त सूचना अधिकारी एवम् प्रहरीनिरीक्षक राजुप्रसाद कुर्मीका अनुसार फरकफरक ३ वटा घटनामा उनीहरूलाई पक्राउ गरिएको हो ।

हेटौंडा-५ सानोपोखर ाबाट २२ वर्षीय एक युवकलाई विशेष सूचनाको आधारमा पक्राउ गरिएको छ । बिहीबार दिउँसो हेटौंडा-५ सानोपोखरा चोकस्थित पुष्पलाल पार्क जाने बाटोबाट ती युवक पक्राउ गरिएको हो ।

वडा प्रहरी कार्यालय सानोपोखराबाट प्रहरीनिरीक्षक धर्मराज खत्रीको कमाण्डमा खटिएको टोलीले विशेष सूचनाको आधारमा उक्त स्थानबाट हेटौंडा-९ त्रिवेणी बस्ने २२ वर्षीय सुमित थापामगरलाई पक्राउ गरेको हो । ना २३ प ४३४ नम्बरको मोटरसाइकलमा सवार थापाको साथबाट रातो प्लास्टिकमा पोका पारिएको ४ ग्राम २७० मिलिग्राम (प्लास्टिक बाहेक २ ग्राम ९० मिलिग्राम) खैरोहेरोइन फेला परेको प्रहरीनिरीक्षक कुर्मीले बताए ।

यस्तै बिहीबार बिहान हेटौंडा-१५ रातोमाटेस्थित पूर्वपश्चिम सडकखण्डमा जीतपुरसिमराबाट हेटौंडातर्फ आउँदै गरेको म.प्र. ०३-०३१ प ६९९० नम्बरको मोटर साइकल चेकजाँच गर्दा २ जनालाई प्रतिबन्धित लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा पर्साको वीरगन्ज महानगरपालिका-३१ बस्ने चालक २१ वर्षीय शिव पासवान र सोही मोटरसाइकलमा पछाडि सवार २३ वर्षीय निरज चौधरी रहेका छन् । प्रहरीचौकी रातोमाटेको टोलीले चेकजाँच गर्दा उनीहरुले जुत्ताभित्र लुकाइछिपाई ल्याएको १६० मिलिग्राम खैरोहेरोइन बरामद गरेको हो ।

त्यसैगरी, बिहीबार राति रातोमाटेमा सवारी चेकजाँचका क्रममा थप ३ जना पक्राउ गरिएको छ । वीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०१-००६ ज ७९८३ नम्बरको ईभी गाडीमा सवार चितवन राप्ती-८ का २८ वर्षीय कर्ण गुरुङको साथबाट १ ग्राम ६२० मिलिग्राम खैरोहेरोइन बरामद गरिएको हो ।

बागमती प्रदेश ०६-००१ ज ०४४१ नम्बरको ईभी गाडीमा सवार हेटौंडा-१२ का २७ वर्षीय सन्तोष आलेमगर र मनहरी-३ का ३० वर्षीय सानुकान्छा राईको साथबाट ४८० मिलिग्राम खैरोहेरोइन फेला परेको थियो ।

पक्राउ परेका सबै ६ जनालाई नियन्त्रणमा लिई लागूऔषध कसुरमा मकवानपुर जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# रेडमीको सर्भिस सेन्टर अब हेटौंडामा



साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ बहुचर्चित ब्राण्ड साओमीको रेडमी मोवाइलको सर्भिस सेन्टर हेटौंडामा सञ्चालन भएको छ । शुक्रबार एक कार्यक्रमकाबीच सर्भिस सेन्टरको उद्घाटन गरिएको हो ।

पहिलो वर्ष नेपालमा रेडमीका मोवाइलको बिक्रीदर बढ्दो छ । हेटौंडा-४ स्कुलरोडमा सर्भिस सेन्टर सुचारु भएको हो । टेलिडाइरेक्ट प्रा.लिले पहिलोपटक हेटौंडामा सर्भिस सेन्टर सञ्चालनमा ल्याएको रेडमी ब्राण्डका मोवाइलको आधिकारिक बिक्रेता स्वीस्ट ग्याजेटका सञ्चालक श्यामप्रसाद अधिकारीले बताए । मोवाइलमा समस्या आएपछि अब सहज रुपमा आफ्नै सर्भिस सेन्टरबाट सेवा प्रदान हुने अधिकारीले बताए । सेवाग्राहीले अब कम्पनीकै सामान प्रयोग गर्न पाउनेमा उनले विश्वास दिलाए ।

कार्यक्रममा नेपाल मोवाइल व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष छतेन्द्र आचार्य, बागमती प्रदेश अध्यक्ष एसीस रिजाल, मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपाने, साओमी नेपालका कन्ट्री हेड साइमन फ्याङ लुथर, मन्नु मानस्वी, कम्पनीका प्रतिनिधि दिनेश खालिङ, सुवास कंडेल, टेली डाइरेक्ट प्रालिका कन्ट्री हेड दीपक श्रेष्ठ प्रतिनिधि मनोज दाहाल, विज्ञान न्यौपाने, प्रेम खड्का, शशिकान्तकुमार सिंहलगायतको उपस्थिति थियो ।

# १ हजार राजस्व संकलन गर्न ३.०५ रुपैयाँ खर्च

काठमाडौं/सरकारले प्रतिहजार आन्तरिक राजस्व संकलन गर्न ३.०५ रुपैयाँ खर्च हुने गरेको देखिएको छ । गत आर्थिक वर्ष २०८१/८२ को संकलित राजस्व र आन्तरिक राजस्व विभागको कुल खर्च गणना गर्दा यस्तो देखिएको हो ।

आन्तरिक राजस्व विभागका अनुसार गत आव अघिल्लो आव २०८०/८१ को तुलनामा राजस्व संकलन लागत केही किफायती बनेको छ । त्यसबेला प्रतिहजार राजस्व संकलनको लागत ३.८४ रुपैयाँ रहेको थियो ।

सामान्यतया राजस्व संकलन वृद्धि भएको वर्ष लागत किफायती देखिन्छ । २०८१/८२ मा आन्तरिक राजस्व ५ खर्ब ८३ अर्ब ८२ करोड बराबर संकलन भएको थियो । त्यस वर्ष विभागको चालु प्रकृतिको खर्च २ अर्ब ८० करोड थियो । आव २०८०/८१ मा विभागले ५ खर्ब ३३ अर्ब ३ करोड राजस्व संकलन गरेको थियो । त्यस आव विभागको खर्च २ अर्ब ५ करोड थियो । यस वर्ष अघिल्लो आवको तुलनामा राजस्व संकलन ९.५२ प्रतिशतले बढेको थियो ।

**राजस्व संकलन वृद्धिदर सुस्त, लागत निरन्तर बढ्दै**

पछिल्लो ५ वर्षको तथ्यांक हेर्दा आन्तरिक राजस्व वृद्धिदर सुस्त छ । सोहीकारण राजस्व संकलन लागत भने निरन्तर बढ्दो क्रममा देखिन्छ । आव २०७७/७८ मा ४ खर्ब २९ अर्ब आन्तरिक राजस्व संकलन भएको थियो । त्यसबेला विभागले १ अर्ब ६९ करोडमात्र खर्च गरेको थियो । त्यसको ५ वर्षपछि अर्थात् २०८१/८२ मा राजस्व ५ खर्ब ८३ अर्ब ८२ करोडमात्र पुगेको छ ।

विभागको खर्च भने २ अर्ब ८० करोड पुगिसकेको छ । २०७८/७९ मा ४ खर्ब ८३ अर्ब राजस्व संकलन भएको थियो । त्यस वर्ष विभागको खर्च घटेर २ अर्ब १७ करोडमात्र भएको थियो । त्यसबेला प्रतिहजार राजस्व संकलन लागत २.२३ रुपैयाँमा झरेको थियो । त्यसयता भने लागत बढ्दो क्रममा छ ।

**लक्ष्य अनुसार राजस्व नउठ्दा देखिन्छ बढी लागत**

गत आव २०८१/८२ मा सरकारले आन्तरिक राजस्व ७ खर्ब १ अर्ब ५३ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको थियो । संकलन ५ खर्ब ८३ अर्ब ८२ करोडमात्र भयो । जुन लक्ष्यको ८३.२२ प्रतिशत हो । सरकारले राखेको लक्ष्य अनुसार राजस्व संकलन नहुँदा प्रतिहजार राजस्व लागत समेत बढी हुन गएको देखिन्छ ।

# आईएमई लाइफ इन्स्योरेन्सको नगद लाभांश घोषणा

काठमाडौं/आईएमई लाइफ इन्स्योरेन्सले सेयरधनीलाई नगद लाभांश घोषणा गरेको छ ।

कम्पनीको सञ्चालक समिति बैठकले सेयरधनीलाई हाल कायम चुक्ता पूँजी ५ अर्ब रुपैयाँको १०.५२६३२ प्रतिशत नगद लाभांश दिने निर्णय गरेको हो । सेयरधनीले प्रतिकित्ता १०.५२६३२ रुपैयाँका दरले नगद लाभांश पाउने छन् ।

तर यो लाभांश कर सहित हो । कम्पनीले ५२ करोड ६३ लाख रुपैयाँ बराबरको नगद लाभांश प्रदान गर्नेछ ।

नियामक बीमा प्राधिकरण बाट स्वीकृत भई आगामी साधारणसभाले पारित गरेपछि सेयर धनीले बैंक खातामा नगद लाभांश पाउने कम्पनीले सार्वजनिक सूचनामार्फत जनाएको छ । हाल यस कम्पनीको सेयर मूल्य प्रतिकित्ता ४७२ रुपैयाँ छ ।

मकवानुर बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-४, मकवानपुरको

**साधारणसभा सम्बन्धी सूचना**

यस सहकारी संस्थाको मिति २०८२ मंसिर ७ गते बसेको बैठक (बैठक नं. २६३) अनुसार यस संस्थाको २६ औं वार्षिक साधारण सभा अगामी मिति २०८२ पौष २६ गते हुने भएको हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

महेन्द्र चित्रकार
सचिव
**मकवानुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर

